# लेखापरीक्षण प्रतिवेदन

## मदाने गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# मदाने गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८३ वैशाख

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/795

श्रीमान् अध्यक्ष ज्यू,
मदाने गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, गुल्मी।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/795

श्री अध्यक्षज्यू,
मदाने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

### १. कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

### २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

**२.१** महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

**२.२** गाउँपालिकाको रु.१ अर्ब २४ करोड ३ लाख ३८ हजार लेखापरीक्षण गरिएकोमा रु. ६६ लाख ५५ हजार (०.५४ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.३५ लाख ५८ हजार प्रतिकृयाबाट फछ्र्यौट भई रु.२ लाख १० हजार प्रतिक्रियाबाट थप भई जम्मा बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.१ लाख २५ हजार, नियमित गर्नुपर्ने रु. १९ लाख ११ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.१२ लाख ७१ हजार रहेको छ। गत वर्षसम्मको रु.३ करोड ७९ लाख २५ हजार बेरुजु मध्ये यस वर्ष रु. १४ लाख ९४ हजारको सम्परीक्षण भई बाँकि बेरुजु रु.३ करोड ६४ लाख ३१ हजार रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.३ करोड ९७ लाख ३८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

**२.३** गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत

वित्तीय विवरण तयार गर्ने मदाने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**३. अन्य बेहोरा**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध,  स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, गाउँ प्रमुख र प्रमुख प्रशासकीय अधिकृत मदाने गाउँपालिका, गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५.  वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( राम प्रकाश महतो )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| १०२ | ३९ | ६६,५५,३६२ | ० | २० | ३५,५७,८१२ | २,१०,००० | १०२ | १९ | ३३,०७,५५० | १,२५,४५४ | १९,११,३४० | १२,७०,७५६ | ० | ० | ३१,८२,०९६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गुल्मी | ३,७९,२५,०२१ | | १४,९३,९३७ | ३,६४,३१,०८४ | | ३३,०७,५५० | ३,९७,३८,६३४ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | | | यस वर्षको प्रतिकृयाबाट सम्परीक्षण | |
| १ | २०८१/८२ | ९८ | स्मार्ट कक्षा निर्माण | ९,९४,४०० |
| २ | २०८१/८२ | ३७ | स्थानीय भत्ता बढी भुक्तानी | १०,६२६ |
| ३ | २०८१/८२ | ६४ | ल्याब टेस्टको बिल पेश नगरेको | ३०,००० |
| ४ | २०८१/८२ | ६६.२ र ६६.३ | रोल्मा टिकाचुली पर्यटन पूर्वाधार | ३३,५५५ |
| ५ | २०८१/८२ | ७७ | मूल्य अभिवृद्धि कर | ३७,३०१ |
| ६ | २०८१/८२ | ७४ | माटो पुर्ने काम | ३२,५३३ |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०८१/८२ | ६९.१ | मदाने जिपलाइन तथा स्काइ साइकल प्रोजेक्ट | ८०,००० |
| ८ | २०८१/८२ | ५६ | फरक व्यक्तिलाई भुक्तानी | १०,००० |
| ९ | २०८१/८२ | ९१ | प्रतिविद्यार्थी लागत अनुदान | २,६७,९०० |
| १० | २०८१/८२ | ५२ | पदाधिकारी यातायात सुविधा | १,४४,००० |
| ११ | २०८१/८२ | ५१ | खर्चको पुष्ट्याई | १५,००० |
| १२ | २०८१/८२ | २७ | आन्तरिक लेखापरीक्षणतर्फको बेरूजु | ८,८८६ |
| १३ | २०८१/८२ | १०५ | अनुदान भुक्तानी | १२,६११ |
| १४ | २०८१/८२ | ८१ | १५ शैया अस्पताल निर्माण | १८,८१,००० |
| | | | **जम्मा** | **३५,५७,८१२** |
| | | | **विगत आर्थिक वर्षको सम्परीक्षण** | |
| १५ | २०८०/८१ | २३ | फरक शीर्षकबाट खर्च | १३,२५० |
| १६ | २०८०/८१ | ३४ | नाफामुलक सस्थालाइ अनुदान | ४,२४,९९८ |
| १७ | २०७९/८० | ३२.२ र ३२.३ | सडक सरसफाई र मर्मत | १०,५५,६८९ |
| | | | **जम्मा** | **१४,९३,९३७** |
| **कुल जम्मा** | | | | **५०,५१,७४९** |

# मदाने गाउँपालिका, गुल्मी

# ( ८०५५२५०७३०० )

# मदाने गाउँपालिका , गुल्मी

# परिचय

१ **(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु एवं स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व तथा पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकाको वडा संख्या ७, सभा सदस्य ३७, क्षेत्रफल ९४.५२ वर्ग कि.मी. र जनसंख्या २० हजार ०२२ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०५ देखि २०८२।०५।०९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आयतर्फ र व्ययतर्फ रु.१ अर्ब २४ करोड ३ लाख ३८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन् ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५,४९,३५९.०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | शिक्षक कर्मचारी श्री डोर बहादुर पुनको तलबमा भएको बढी भुक्तानी रु.१,४७,०१५/- भौचर नं ८६००९७०३ बाट मिति २०८२/५/८ मा बेरुजु शीर्षकमा दाखिला भएको भौचर पेस भएको । | १४७०१५ |
| २ | इन्टरनेट व्यवस्थापन अनुदानमा बील पेस नभएको रकम रु.४७,९६०/- असुल भई बेरुजु शीर्षकमा दाखिला भएको भौचर पेस भएको। | ४७९६० |
| ३ | लघुउद्यममा साझेदारी नभएको रकम असुल भई बेरुजु शीर्षकमा दाखिला भएको भौचर पेस भएको । | ३०००० |
| ४ | पंचमी पोखरी अग्लुङ फिल्ड निर्माण दोस्रो ठेक्काको ल्याब टेष्ट नगरेको रकम भौचर नं.८६८१०६१२ बाट बेरुजु शीर्षक(१५१११) मा दाखिला | ३०००० |
| ५ | लेखापरीक्षणको क्रममा मिति २०८२।५।३१ मा विभिन्न भौचरबाट बैठक तथा काज एकै दिन परेको, अनुपस्थित बैठक भत्ता तथा योजना अनुगमन समिक्षा बैठकबापत भुक्तानी नमिल्ने रकम लगायत गरी कुल रु. २,९४,३८४.०० असुल भई स्थानीय सञ्चितकोषमा दाखिला भएको छ । | २९४३८४ |

२ **एकीकृत वित्तीय विवरण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

| प्राप्ति | | | भुक्तानी | | |
|---|---|---|---|---|---|
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ९१३५२८३४.०५ | चालु खर्च | | ३२०१९८५५०.८ |
| १.संचित कोष | ५५१३८७६५.१६ | | १. पालिका तर्फ | १०९२०२७८७.२८ | |
| २.धरौटी | २२३१३९६०.३३ | | २. संघीय सशर्त | २०६६५३४३७.५४ | |
| ३.कार्यसञ्चालन कोष | १३८००१०८.५६ | | ३. संघीय विशेष | - | |
| ४. अन्य कोष | १००००००.०० | | ४. प्रदेश सशर्त | १५४४७९९.०० | |
| यस वर्षको आय | | | ५. प्रदेश विशेष | २७९७५२७.०० | |
| १.आन्तरिक आय | ३७८०१९६.६७ | ३७८०१९६.६७ | पुँजीगत खर्च | | १४१७८८४४१.५ |
| २. वित्तीय हस्तान्तरण (संघ) | | ४१३८३४०२०.४९ | १. पालिका तर्फ | ९८८७४२२०.१४ | |
| क) समानीकरण अनुदान | ८४६९४४८०.०० | | २. संघीय सशर्त | २३५५२७९४.३६ | |
| ख) राजस्व बाँडफाँट | ८०४००५४०.४९ | | ३. संघीय विशेष | - | |
| ग) सशर्त अनुदान | २४३२३९०००.०० | | ४. संघीय समपुरक | ५५०००००.०० | |
| घ) समपुरक अनुदान | ५५०००००.०० | | ५. प्रदेश सशर्त | ६८६१४२७.०० | |
| ङ) विशेष अनुदान | - | | ६. प्रदेश विशेष | - | |
| च) रोयल्टी | - | | ७. प्रदेश समपुरक | ७००००००.०० | |
| छ) अन्य | - | | अन्तर सरकारी अख्तियारी (संघ) | | १४१७७८३९३.३ |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | | क) सामाजिक सुरक्षा | ११०५७१६७८.३६ | |
| क) | ५९८००००.०० | ३०९७४२१०.८८ | ख) गरिबसँग | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| समानीकरण अनुदान | | | विशेश्वर कार्यक्रम | | |
| ख) राजस्व बाँडफाँट | ६३९४२१०.८८ | | ग) गाउँपालिकाको प्रशासकीय भवन निर्माण | ७०००००० .०० | |
| ग) सशर्त अनुदान | ८६००००० .०० | | घ) १५ शैंया अस्पताल निर्माण | १२१२६८२८.०० | |
| घ) समपुरक अनुदान | ७००००००.०० | | ङ) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | १४२४६०१.०० | |
| ङ) विशेष अनुदान | ३००००००.०० | | च) गोलपोखरी डिजिटलाइजेशन तथा पुनःनिर्माण | ९१६९२८६.०० | |
| च) रोयल्टी | - | | छ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९०५०००.०० | |
| छ) अन्य | - | | ज) विद्यालय शिक्षा क्षेत्र योजना | ५८१०००.०० | |
| ४. अन्तर सरकारी अख्तियारी (संघ) | | १४१७७८३९३.३६ | अन्तर सरकारी अख्तियारी (प्रदेश) | | |
| क) सामाजिक सुरक्षा | ११०५७१६७८.३६ | | ऋण फिर्ता(साँवा) | | - |
| ख) गरिबसँग विशेश्वर कार्यक्रम | - | | ऋणको ब्याज भुक्तानी | | - |
| ग) गाउँपालिकाको प्रशासकीय भवन निर्माण | ७००००००.०० | | धरौटी फिर्ता तथा सदर स्याहा | | ३५३३६०३.०० |
| घ) १५ शैंया अस्पताल निर्माण | १२१२६८२८.०० | | कार्यसञ्चालन कोषबाट भएको खर्च | | १०५८५८४४.०० |
| ङ) घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र | १४२४६०१.०० | | अन्य कोषबाट भएको खर्च | | - |
| च) गोलपोखरी | ९१६९२८६.०० | | गैरसरकारी | | - |

| | | | | | |
|---|---|---|---|---|---|
| डिजिटलाइजेशन तथा पुन:निर्माण | | | संस्थाबाट सञ्चालित योजना | | |
| छ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ९०५०००.०० | | अन्य सहयोगमा सञ्चालित योजना | | - |
| ज) विद्यालय शिक्षा क्षेत्र योजना | ५८१०००.०० | | अन्य सहयोगमा सञ्चालित योजना | | - |
| ५. अन्तर सरकारी अख्तियारी (प्रदेश) | | - | अन्य खर्च भएमा | | |
| ६. ऋण/ वित्तीय व्यवस्था | | - | अनुदान फिर्ता | | |
| ७. धरौटी आय | | ७४०९०८५.९० | १. संघ तर्फ | | १३०३२७६८.१० |
| ८. कार्यसञ्चालन कोष आय | | १०८९३०२६.३७ | क) सशर्त अनुदान | १३०३२७६८.१० | |
| क) विविध खर्च आम्दानी | ३७६०८४४.३७ | | ख) विशेष अनुदान | - | |
| ख) विपद् खाता आम्दानी | १९८११०५.०० | | ग) समपुरक अनुदान | - | |
| ग) पर्यटन बोर्ड नेपाल | १४२५२०८.०० | | २. प्रदेश तर्फ | | ३९६२४७.०० |
| घ) बुढानिल्कण्ठ नगरपालिकाबाट आम्दानी | १००००००.०० | | क) सशर्त अनुदान | १९३७७४.०० | |
| ङ) सडक बोर्ड नेपाल | २७२५८६९.०० | | ख) विशेष अनुदान | २०२४७३.०० | |
| ९. अन्य कोषको आय | | | ग) समपुरक अनुदान | - | |
| १०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना | | | अन्तिम मौज्दात | | ६९०६४०५०.५५ |
| ११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना | | - | १. संचित कोषको मौज्दात | २८६६७३१६.३९ | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. अन्य आय भएमा | | ३५६१३०.६१ | २. धरौटी | २६१८९४४३.२३ | |
| | | | ३. कार्य सञ्चालन कोष | १४१०७२९०.९३ | |
| | | | ४. अन्यकोष | १००००००.०० | |
| जम्मा | ७००३७७८९८.३३ | ७००३७७८९८.३३ | जम्मा | ७००३७७८९८.३३ | ७००३७७८९८.३ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **एकीकृत वार्षिक प्रतिवेदन:**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था भए बमोजिम पालिकाले २०७९।८।२० मा नेपाल सरकारबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नाअनुसार देखिएको छ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) प्रयोगमा रहेको छ। स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.११,०५,७१,६७८।३६ गाउँपालिका प्रशासकीय भवन निर्माणको रू.७०,००,०००।-, १५ शैया अस्पताल निर्माण कार्यक्रमको रू.१,२१,२६,८२८।- , विद्यालय शिक्षा क्षेत्र योजनाको रू.५,८१,०००।– स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.९,०५,०००।– घरेलु तथा साना उद्योग प्रवर्धन कार्यक्रमको रू.१४,२४,६०१।– र पर्यटन पूर्वाधार विकास आयोजना कार्यक्रमको रू.९१,६९,२८६।- समेत रू.१४,१७,७८,३९३।३६ सुत्रमा लेखाङ्कन गरेको छैन। उल्लिखित अवस्थाले पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) ले पालिकाको समग्र आर्थिक कारोवारको यथार्थ अवस्था चित्रण गरेको छैन । पालिकामा भएको सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र)मा लेखाङ्कन भई प्रतिवेदन हुने गरी व्यवस्था गर्नुपर्दछ ।

३.३ **फरक हिसाब –** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३,४५,६४,३३९.०२, यस वर्षको प्राप्ति रु.१२,०१,६५,७५८.५३, यस वर्षको भुक्तानी रु.१५,४६,३०,१९२.५५ र बैङ्क मौज्दात रु.९९,९०५.०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यस वर्षको भुक्तानी (व्यय) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरण अनुसार | ९१३५२८३४.०५ | ६०९०२५०६४.२८ | ६३१३१३८४७.७८ | ६९०६४०५०.५५ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन कोष समेत (म.ले.प.फा.नं.२७०) | ५६७८८४९५.०३ | ४८८८५९३०५.७५ | ४७६६८३६५५.२३ | ६८९६४१४५.५५ |
| फरक | ३४५६४३३९.०२ | १२०१६५७५८.५३ | १५४६३०१९२.५५ | ९९९०५. |

३.४ **धरौटी तथा विविध कोष** - उल्लेखित प्राप्ति र भुक्तानीको विवरणमा धरौटी, विविध खर्च तथा प्रकोप व्यवस्थापन कोषको विस्तृत विवरण वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसुचीमा निम्न बमोजिम रहेको छ।

| संकेत | कोष हिसाबको नाम | चालु आ.ब. | | | | | गत आ.ब.को बाँकी |
|---|---|---|---|---|---|---|---|
| | | शुरु मौज्दात | प्राप्ति | भुक्तानी | यस वर्षको थप घट | बाँकी | |
| १ | २ | ३ | ४ | ५ | ६=४-५ | ७ | १० |
| ग ३.१ | स्थानीय तह धरौटी खाता | २२७९५३३२.२४ | ७४६७९९२.९ | ४०७३८८१.९१ | ७. | २६१८९४४३.२३ | २२७९५३३२.२४ |
| ग २.७ | विविध खर्च खाता | ३६४४६७७. | १९०६७३५२.९३ | ८६०४७३९. | १०४६२६१३.९३ | १४१०७२९०.९३ | ३६४४६७७. |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४७९४३६. | १५०१६६९. | १९८११०५. | -४७९४३६. | ०. | ४७९४३६. |
| जम्मा | | २६९१९४४५.२४ | २८०३७०१४.८३ | १४६५९७२५.९१ | १३३७७२८८.९२ | ४०२९६७३४.१६ | २६९१९४४५.२४ |

३.५ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:
पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाताको प्रकार | टिप्पणी ६.२ अनुसार श्रेस्ता अनुसार बाँकी रू | २०८२ आषाढ मसान्तको बैङ्क स्टेटमेन्ट अनुसार बाँकी रू | फरक |
|---|---|---|---|
| ग १.१ आन्तरिक राजस्व खाता | ९५.०० | ० | -९५.०० |
| ग २.७ विविध खर्च खाता | १४,१०७,२९०.९३ | १४,१०७,२९०.९३ | ०.०० |
| ग ३.१ स्थानीय तह धरौटी खाता | २६,१८९,४४३.२३ | २६,१८९,४४३.२३ | ०.०० |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | २८,६६७,३१६.३९ | २८,६६७,३१६.३९ | ०.०० |
| लैंगिक हिंसा निवराण | ० | १००,०००.०० | १००,०००.०० |
| जम्मा | ६८,९६४,१४५.५५ | ६९,०६४,०५०.५५ | ९९,९०५.०० |

३.६ **सञ्चित कोषमा स्थानान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाको बैंक स्टेटमेन्ट अनुसार लैंगिक हिंसा निवारण नामको खातमा गत वर्ष देखिनै रु.१ लाख मौज्दात रहेको पाईयो। त्यस्तै श्रेस्तामा नगद रु.९५ आन्तरिक राजश्व खातामा देखिएकोमा उक्त रकम बैंक दाखिला भएको पाइएन। उक्त रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

४ **कोषहरुको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रहरुमा रहेका कोष तथा साविक गाउँपालिकाका खाताहरुमा रहेको सबै मौज्दात एकीकृत गरी अभिलेख राखेको छैन । पालिकाले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरुको अभिलेख अद्यावधिक गरी पालिकाको वास्तविक सम्पत्तिको अभिलेख पेश हुनुपर्दछ ।

५ **अनुदान फिर्ताः**

विनियोजन ऐन, २०८१ को दफा ६(१०) अनुसार संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी लुम्बिनी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ अनुसार प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका सशर्त, समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले त्यस्तो रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका समानिकरण अनुदान बाहेकको अनुदानतर्फको खर्च नभई बचत भएको रू.१,३०,३२,७६८।१० संघीय सञ्चित कोषमा २०८२।३।३२ मा र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका अनुदानतर्फको खर्च नभई बचत भएको रू.३,९६,२४७।– २०८२।३।३२ मा फिर्ता गरेको छ ।

६ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नु पर्ने र दफा ७३ मा स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उपाध्यक्षले २०८१।३।९ मा रू.५१ करोड ८२ लाख ५४ हजारको बजेट सभामा पेश गरेकोमा २०८१।३।१० मा पारित भई पालिकाको अध्यक्षले २०८१।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई रू.५१ करोड ८१ लाख ८२ हजारको बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । त्यसैगरी सुत्र प्रणालीमा प्रविष्ट भएअनुसार पालिकाको प्रस्तावित आय र

व्यय रू.५१ करोड ८१ लाख ८२ हजार रहेकोमा वास्तविक आम्दानी रू.४८ करोड ६४ लाख ४७ हजार देखिएको र खर्च रू.४६ करोड १९ लाख ८७ हजार देखिन्छ ।

७ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तयारी लगायत कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । पालिकाले समितिको गठन गरेता पनि ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालना गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पदाधिकारीहरुको ध्यान जानुपर्दछ ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार पालिकाले समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको देखिदैन । बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको पालनामा ध्यान दिनुपर्दछ ।

९ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| क्र.स | क्षेत्र | बजेट | खर्च | कुल खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास क्षेत्र | ५,४५,३६,०००।- | ४९ ४,९५,७१,८१६।- | १.१ |
| २ | सामाजिक विकास क्षेत्र | १९,९७,०५,०००।- | १७,२६,९५,८६४।- | ३७.३८ |
| ३ | पूर्वाधार विकास क्षेत्र | ८,१९,२१,०००।- | ७,३२,५५,२०४।- | १५.८६ |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३०,७५,०००।- | ७५,२२,४८५।- | १.६३ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | १६,८९,४५,०००।- | १५,८९,४१,६२२।- | ३४.४ |
| **जम्मा** | | **५१,८१,८२,०००।-** | **४६,१९,८६,९९१।७४** | **८९.१६** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३७.३८ प्रतिशत र आर्थिक विकास क्षेत्रमा सबै भन्दा घटी १.१ प्रतिशत रहेको छ । पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

१० **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना

छनौट गर्नु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा वडागत र पालिकास्तरका कुल २४५ वटा योजनामा बजेट विनियोजन गरेकोमा रू.१ लाखभन्दा कमsf ३० वटा रू.५ लाखभन्दा कमका १७० वटा योजना कार्यान्वियन भएको पाइयो । पालिकामा सञ्चालन भएका कुल २४५ योजनामध्ये ५० लाखभन्दा माथिका जम्मा ३ वटा योजना मात्र रहेका छन ।

| **विवरण** | **विनियोजित योजना संख्या** |
|---|---|
| १ लाख भन्दा कम | ३० |
| १ लाख देखी ५ लाख सम्म | १७० |
| ५ लाख देखी १० लाख सम्म | २२ |
| १० लाख देखि २० लाख सम्म | १३ |
| २० लाख देखी ५० लाख सम्म | ७ |
| ५० लाख भन्दा बढी | ३ |
| **जम्मा योजना** | **२४५** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ११ पुँजीगत खर्च:

११.१ **त्रैमासिक खर्च:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक प्रगति विवरण प्राप्त भए पछि त्यसको भौतिक तथा वित्तीय पक्षको समिक्षा गर्ने र प्रगति कम देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ:

| (रु. हजारमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| ब.उ.शि.नं./कार्यक्रमको नाम | जम्मा खर्च रकम | त्रैमासिक अवधिको खर्च रकम | | | | असार महिनाको खर्च |
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| पूँजीगत खर्च | १४१७८८ | ० | ११९९२ | ४६७७६ | ८३०२० | ५८९३१ |
| खर्च प्रतिशत | १०० | ० | ८.४६ | ३२.९९ | ५८.५५ | ४१.५६ |

पालिकाबाट प्राप्त विवरण अनुसार कुल पुँजीगत खर्च रु.१४ करोड १७ लाख ८८ हजारमध्ये प्रथम त्रैमासिकमा ० प्रतिशत, दोस्रो त्रैमासिकमा ८.४६ प्रतिशत, तेस्रो त्रैमासिकमा ३२.९९ प्रतिशत, चौथो त्रैमासिकमा ५८.५५ र असार महिनामा मात्र प्रतिशत ४१.५६ खर्च भएको छ । अन्तिम त्रैमासिकमा बढी खर्च गर्दा निर्माण कार्यको अनुगमनमा कठिनाई हुने र गुणस्तरमा समेत असर पर्न सक्ने हुँदा प्रत्येक त्रैमासिकमा निर्धारित लक्ष्य अनुरुप खर्च गरी भौतिक तथा वित्तीय प्रगति हासिल हुनुपर्दछ।

११.२ **खरिद विधि:** पालिकाको पुँजीगत खर्चको विश्लेषण गर्दा देहायअनुसारको खरिद विधिबाट रकम खर्च भएको विवरण पेश भएको छ ।

| खरिद विधि | रकम (रु हजारमा) | प्रतिशत |
|---|---|---|
| खुलाबोलपत्र तथा सिलबन्दी दरभाउपत्रबाट | ९०७७३ | ६४.०२ |
| सोझै खरिद | १८१३२ | १२.७९ |
| उपभोक्ता समितिमार्फत | ३२८८३ | २३.१९ |
| कन्टिन्जेन्सी () | | ०.०० |
| **जम्मा** | १४१७८८ | १०० |

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउन सकिने प्रावधान अनुसार रु.३ करोड २८ लाख ८३ हजारको काम उपभोक्ता समितिबाट र रु. १ करोड ८१ लाख ३२ हजारको कार्य सोझै खरिदको माध्यमबाट गरेको छ भने बाँकी प्रतिस्पर्धाको माध्यमबाट गराएको छ । उपभोक्ता समितिबाट गराएको कामको गुणस्तर परीक्षण लगायतका कार्य नहुने, समितिमा प्राविधिक ज्ञानको कमी हुने र गुणस्तर तथा दिगोपनामा समेत असर पर्न सक्ने हुदाँ उपभोक्ता समितिमार्फत कार्य गराउने परिपाटीमा सुधार गर्नुपर्दछ ।

१२ **कार्यक्रम सञ्चालन**

स्थानीय तहले लागतमैत्री, प्रतिफलयुक्त र लाभग्राहीको जिवनस्तर उकास्ने प्रकृतिको आयोजना/कार्यक्रम स्वीकृत मापदण्ड/निर्देशिका/ कार्यविधि बमोजिम मात्र छनौट तथा कार्यान्वियन गर्नुपर्दछ । पालिकाले सभाद्वारा पारित नीति तथा कार्यक्रममा समावेश केही कार्यक्रमहरु सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छः

**क) एकल पुरुष तथा महिला भत्ता** - पालिकाले मदाने गाउँपालिका एकल पुरुष/एकल महिलालाई सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यविधि मिति २०८१।२।२८ मा पारित गरेको आधारमा गत विगत देखी ९० जना तथा यस वर्ष थप ८ गरी कुल ९८ एकल पुरुष तथा महिलालाई मासिक रु. ५००।०० का दरले कुल रु. ५,६४,०००।०० भत्ता वितरणमा खर्च गरेको छ ।

**ख) विद्युत महशुल** - पालिकाले मदाने गाउँपालिकामा बसोवास गर्ने सम्पूर्ण नागरिकहरुको न्यूनतम विद्युत महशुल रकम भुक्तानी सम्बन्धी कार्यविधि, २०७९ तर्जुमा गरी कार्यपालिका बाट मिति २०७९।२।११ मा पारित गरेको पाइयो । सोही कार्यविधिको आधारमा पालिकाले पालिका अन्तर्गत ४६२१ घरधुरीको न्युनतम विद्युत महशुल रकम मासिक रु. १८०।०० का दरले कुल रु. १६,७०,०४०।०० विद्युत प्राधिकरणलाई भुक्तानी गरेको छ ।

पालिकाले कार्यक्रम कार्यान्वियन सम्बन्धी कार्यविधि तर्जुमा गर्दा कार्यविधिको कानूनी आधार र सो कार्यविधि सञ्चालन गर्दा लाग्ने श्रोतको अनुमान गर्ने गरेको पाइएन । पालिकाको आन्तरिक आय रु. ३७ लाख ८० हजार (अत्यन्त न्यून) भएको अवस्थामा यस्ता वितरणमुखी प्रकृतिका कार्यक्रम राजस्व बाँडफाँट शिर्षकबाट सञ्चालन गर्दा पालिकालाई व्ययभार बढेको देखिन्छ । आन्तरिक आय समेतको विश्लेषण गरी यस किसिमका नगद वितरण कार्यक्रम भन्दा पालिकाले दीर्घकालीन योजनाअनुसार विकासका प्राथमिकता, स्रोतको अधिकतम प्रयोग र कार्यको अपेक्षित परिणामलाई ध्यानमा राखी संविधान र कानुनी प्रावधानको दायराभित्र रही बजेट विनियोजन, स्वीकृति तथा कार्यान्वियन गर्नुपर्छ ।

१३ **खर्च बिश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.३७ लाख ८० हजार राजश्व बाँडफाँट र अनुदानबाट रू.४४ करोड ४८ लाख ०८ हजार गत आर्थिक वर्षको मौज्दात रू.५ करोड ४६ लाख ८७ हजार समेत रू.५० करोड ३२ लाख ७५ हजार आम्दानी भएकोमा चालु तर्फ रू.३२ करोड १ लाख ९८ हजार र पूँजीगत तर्फ रू.१४ करोड १७ लाख ८८ हजारसमेत रू.४६ करोड १९ लाख ८७ हजार खर्च गरेको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.५८ लाख १८ हजार खर्च भएको छ जुन आन्तरिक आयको १५४ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजश्व बाँडफाँटको रकमबाट ६९.३१ प्रतिशत चालु र ३०.६९ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम

सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४ **रकमान्तरः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले देहायअनुसार आर्थिक वर्ष २०८१।८२ का लागि स्वीकृत भएको रू.२,०४,२५,०००।- बराबरको ७२ योजना तथा कार्यक्रम (चालु तथा पूँजीगत) लाई कार्यपालिकाको २०८१।१०।६ को आठौं बैठकले निर्णय गरी हिउँदे अधिवेशन २०८१।१०।८ मा कार्यक्रम संसोधन तथा रकमान्तर गरी नयाँ १११ योजना तथा कार्यक्रममा रू.२,०४,२५,०००।- रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेटको तुलनामा ३.९४ प्रतिशत रहेको छ ।

| क्र.सं. | रकमान्तरबाट घटेको | रकमान्तरबाट बढेको |
|---|---|---|
| १ | २,०४,२५,०००।- | २,०४,२५,०००।- |

अत: योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वियनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण गरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

१५ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) सबै स्थानीय तहहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेको छ । हालसम्म पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका तयार गरी लागु गरेको छैन। ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**बजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैङ्क खडा गरेको देखिएन,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको देखिएन,

• शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

**खरिद व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार संघीय सार्वजनिक खरिद ऐनको अधिनमा रही स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको देखिएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ अनुसार न्यूनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुरुप जिल्ला दरलाई स्वीकृत गरेकोमा स्थानीय स्तरमा सहजै उपलव्ध हुने निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा जस्ता सामाग्रीको दर सार्वजनिक निर्माणको खर्चमा मितव्ययी हुने गरी दररेट पुनरावलोकन गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा पालिकाले भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको नर्म्स प्रयोग गरेकोमा कार्यपालिकावाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्ममा एकरुपता र मितव्ययी हुने गरी आधिकारिक रुपमा नर्म्सको स्वीकृति र प्रयोग गरेको देखिएन,

• सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वियन गर्नुपर्नेमा सो अनुसार पुर्ण रुपमा लागु गरेको देखिएन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन,

• स्थानीय तहले उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण अनिवार्य गरेको देखिएन,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने गरेको देखिएन,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मूल्याङ्कन नगरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लेखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,

**शिक्षा तर्फ**

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षक सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका शिक्षकगत अभिलेख तयार गरेको देखिएन,

• कार्यक्रम कार्यान्वियन पुस्तिकामा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन भएको देखिएन,

• स्थानीय तहले विभिन्न समयमा मातहतमा रहेका विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी अनुगमन गर्ने मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने गरेको देखिएन,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको देखिएन,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिएको,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न नगरेको,

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको मापदण्ड तयार नगरेको,

• बेरुजु लगतका लागि तयार गरिएको म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

**इन्धन तथा मर्मत खर्च तर्फ**

• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेको भएतापनि सवारी साधन अनुरूप प्रयोग खुल्ने गरी अद्यावधिक नभएको,

• जिन्सी मालसामान, मेशिनरी वा सवारी साधन मर्मत गर्नुपर्ने भएमा म. ले. प. फाराम ९१४ बमोजिम मर्मत आदेश स्वीकृत गराएकोमा म. ले. प. फाराम ९१५ बमोजिम मर्मत अभिलेख नराखेको

उपरोक्त अनुसार पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नुपर्दछ ।

१६ **जिन्सी व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ११ नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

• पालिकाको यस वर्षको जिन्सी निरीक्षणबाट कार्यालयमा रहेका मौज्दात जिन्सी सामाग्रीको अभिलेखाङ्कन गरेको विवरणमात्र प्राप्त भएको छ । पालिकाले नियमावलीमा उल्लेख भए बमोजिम जिन्सी प्रतिवेदन तयार गरी जिन्सी श्रेस्ता अध्यावधिक बनाउनु पर्दछ ।

• कार्यालयको मिति २०८२।४।५ मा पेश भएको जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम विक्री तथा मर्मत गर्नुपर्ने उल्लेख भएका निम्न मालसामान तथा उपकरणहरु लिलाम विक्री तथा मर्मत गरेको देखिएन । आवश्यक प्रक्रिया पुरा गरी पुराना मालसामानको समयमै लिलाम विक्री तथा मर्मतको कारबाही चलाउनु पर्दछ। यस सम्बन्धी केही विवरण निम्न अनुसार छन।

| सि. नं. | सामानको विवरण | जम्मा संख्या | मर्मत तथा लिलाम गर्नुपर्ने संख्या |
|---|---|---|---|
| १. | मोटरसाईकिल तथा स्कुटर | २१ | १ |
| २. | डेस्कटप कम्प्यूटर | ४५ | निरीक्षण प्रतिवेदनमा उल्लेख नभएको |
| ३. | ल्यापटप | २१ | ५ |
| ४. | प्रिन्टर | ७५ | निरीक्षण प्रतिवेदनमा उल्लेख नभएको |
| ५. | फोटोकपी मेशीन | उल्लेख नभएको | निरीक्षण प्रतिवेदनमा उल्लेख नभएको |

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका सामानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा विभिन्न शाखागत तथा वडागत रूपमा खरिद भएका जिन्सी सामान दाखिला गरी प्रविष्टी गरेको पाइएन । अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी दाखिला गरी जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण विवरण तयार गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसँग सम्वन्धित सामानको विवरण तयार गरी कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वस्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनी पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताहरूमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख अद्यावधिक नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरू एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९६(२) अनुसार कार्यालयमा मूल्य नखुलेका कुनै सम्पत्ति तथा जिन्सी मालसामान भएमा कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरी सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नुपर्ने व्यवस्था रहेता पनि यस पालिकामा विगत बर्षदेखि रहेका विभिन्न सवारी साधन तथा प्राप्त भएको जग्गाहरूको मूल्य खुलाई अध्यावधिक गरेको नदेखिएकोले पालिकामा रहेका सवै सम्पत्ति तथा जिन्सीको मूल्याङ्कन गरी गराई जिन्सी अभिलेख अद्यावधिक गरिनु पर्दछ।

• जिन्सी समानको मूल्याङ्कन गरी काम नलाग्ने र विक्री नहुने समानहरु मिन्हा गर्ने, तथा काम नलाग्ने तर विक्री हुन सक्ने समानहरु समयमै आवश्यक कारवाही गरि लिलाम विक्रि गर्ने व्यवस्था गरि जिन्सी व्यवस्थापन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।

• वर्ष भरिमा मर्मत गरिएका सामग्री र जिन्सी प्रतिवेदनमा औल्याइएका मर्मत गर्नुपर्ने सामग्रीको अलग अलग विवरण तयार गरी कार्यालयका सामग्री खरिद वा मर्मत गर्दा वार्षिक बजेट विनियोजन यथार्थपरक बनाउनुपर्दछ ।

• स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म मन्त्रालयद्वारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला भएको छैन ।

१७ **कानून निर्माणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमुना काननहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० ऐन, ४ नियमावली, ६० कार्यविधि, १ निर्देशिका तथा ३ नर्म्स लगायत ७८ कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले नमुना कानुनका आधारमा कार्यसञ्चालन निर्देशिका लगायतका आवश्यक कानुनहरू निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको विषय कार्यान्वयनका लागि आवश्यक कानुन बनाई संघीय तथा प्रदेश सरकारसँगको आवश्यक सहकार्य, समन्वय र साझेदारीमा जोड दिनुपर्दछ ।

१८ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछर्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ वटा मुद्दाहरू र यो बर्ष दर्ता भएका ३० मुद्दा गरी कुल ३४ वटा मुद्दामध्ये २४ वटा फछर्यौट भएकोमा १० वटा मुद्धा फछर्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र विवाद तथा मुद्दा फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१९ **सेवा प्रवाहको अभिलेखः**

पालिकाको मुख्य उद्देश्य सेवाग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाबाट सम्पादित सेवा प्रवाहलाई आन्तरिक राजश्वसँग भिडान हुने गरी म.ले.प. फाराम १०१, १०२ तथा १०७ तयार गर्नुपर्दछ । पालिकाले यस वर्ष सेवा प्रवाह गरेको विवरण माग भएकोमा उक्त विवरण लेखापरीक्षणको क्रममा आंशिक रूपमा मात्र पेश हुन आएकोले यस सम्बन्धी विश्लेषण पूर्ण रूपमा गर्न सकिएन । पालिकाले म.ले.प. फाराम भिडान हुने गरी सेवा प्रवाह विवरणको अभिलेख व्यवस्थापन गरेको देखिएन । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउदै सेवा प्रवाहलाई आन्तरिक राजस्वसँग भिडान हुने गरी म.ले.प. फारमको प्रयवग गर्नुपर्दछ ।

२० **सेवाप्रवाहको स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ७८ वटा कानुन कार्यान्वियनमा ल्याएकोमा यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| **विवरण** | **जम्मा** |
|---|---|
| **स्वीकृतघरनक्सादर्तापास** | नभएको |
| **नागरिकता सिफारिस** | ७६० |
| **घरबाटो प्रमाणित** | १४० |
| **नाता प्रमाणित** | १६५ |
| **पञ्जिकरणतर्फः** | **निवेदन दर्ता गरी प्रमाणपत्र जारी संख्या** |
| जन्मदर्ता | ७८१ |
| मृत्युदर्ता | २४४ |
| बसाईसराईदर्ता | ८१ |
| विवाहदर्ता | २९३ |
| सम्बन्धविच्छेददर्ता | ३१ |
| **पूर्वाधार तर्फ विवरणः** | |
| पूर्वाधारविकाससडकनिर्माण | ७ किमि |
| कालोपत्रेसडकनिर्माण | ० |
| कालोपत्रेसडकमर्मत | ० |
| ग्राभेलसडकनिर्माण | ४ किमि |
| ग्राभेलसडकमर्मत | २५० मि ढलान |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

२१ **वित्तिय जोखिम मूल्याङ्कनः**

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको संस्थागत क्षमता स्वमूल्याङ्कनको आधारमा पालिकाले आ.व.२०८०।८१ मा ९८ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो भने पालिकाले स्थानीय तह वित्तीय जोखिम

मूल्याङ्कनको फाराम भरेको पाइएन । स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कन तथा क्षमता स्व:मूल्याङ्कनको आधार तथा अध्ययन क्रममा पत्ता लागेका जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि पालिकाले कार्य योजना तयार गरी लागु गर्नुपर्दछ ।

२२ **सहकारी नियमनः**

नेपालको संविधानको अनुसूची- ८ मा सहकारी संस्था स्थानीय तहको अधिकार सूची भित्र रहेको छ । पालिकाले मदाने गाउपालिकाको सहकारी ऐन २०७५ निर्माण गरेको देखियो । त्यस्तै सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा सहकारी संस्थाहरुको मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ ।

यस पालिकाबाट उपलब्ध विवरण अनुसार पालिकामा कुल २४ वटा सहकारी संस्था दर्ता भएकोमा कुनै पनि सहकारी एकिकृत व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा आबद्ध भएको पाइएन । दर्तावाल २४ वटै सहकारी संस्थाबाट सामान्य गुनासो समेत नआएको तथा समस्याग्रस्त भएको सम्बन्धमा कुनै उजुरी नआएको पालिकाले जनाएको छ। पालिकाले ६ वटा एग्रोभेट/सहकारीहरूको अनुगमन निरीक्षण तथा छानविन गरेकोमा निम्न तीन सहकारीमा देहायका कैफियत देखिएको उल्लेख छ ।

१. श्री मालिका साना किसान कृषि सहकारी संस्था लि.

• मल पर्याप्त मात्रामा देखिएपनि मूल्य सूची स्पष्ट रूपमा टाँसिएको नदेखिएको

• सार्वजनिक स्थलमा होर्डिङ्ग बोर्ड नभएको

२. श्री नमुना कृषि तथा पशु विकास महिला सहकारी संस्था लि.

३. श्री अमरद्धिप बहुउद्धेश्यीय कृषि सहकारी संस्था लि.

• दुईवटै सहकारीमा मल पर्याप्त मात्रामा नदेखिएको

• मूल्य सूची स्पष्ट रूपमा टाँसिएको नदेखिएको

• भण्डारण अवस्था निकै कमजोर रहेको देखिएको

• सार्वजनिक स्थलमा होर्डिङ्ग बोर्ड नभएको

संस्थागत सहकारी सुशासनमा सुधार ल्याउन सहकारी शाखा र सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालनमा ल्याउनुपर्दछ । साथै सहकारीको बर्तमान अवस्थामा सन्चालनमा आएको राष्ट्रव्यापी विचलनलाई रोक्न तथा सर्वसाधारण नागरिकको बचतको सुरक्षा र उद्देश्यप्रति प्रतिवद्ध गराउन पालिकावाट सहकारी संस्थाको पर्याप्त नियमन तथा अनुगमन हुनुपर्दछ ।

२३ **खरिद योजना:**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ।यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १४ करोड १७ लाख ८८ हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो।अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२४ **खरिद कारवाहीको अभिलेख:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सम्म सुरक्षित राख्नु पर्ने व्यवस्था छ । पालिकाले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कार्यको फईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वियन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२५ **ठेक्का व्यवस्थापन:**

२५.१ **खरिदमा प्रतिस्पर्धा:** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र नियमावली २०६४ को नियम १४६ मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ । त्यसैगरी सोही ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान समेत रहेको छ । पालिकाले पेस गरेको विवरण अनुसार यो वर्ष गत वर्षको ८ समेत ३६ ठेक्का रहेकोमा २८ ठेक्का सम्पन्न भएका छन । यस वर्षका नयाँ २८ ठेक्का खरिद सम्झौता गर्दा ६.८ प्रतिशत देखि ५५.०६ प्रतिशत सम्म घटीको कबोल अंकमा ठेक्का सम्झौता भएको छ । त्यस्तै सोझै खरिद गर्दा लागत अनुमानकै हाराहारीमा सम्झौता भएको छ भने उपभोक्ता समिति संग लागत अनुमान भएको रकम बराबर नै सम्झौता भएको छ। खरिद कार्य गर्दा मितव्ययी र गुणस्तरीय समेत हुने गरी खरिद सम्झौता गर्नेतर्फ आयोजनाको ध्यान दिनुपर्ने देखिन्छ। खरिदमा भएको प्रतिस्पर्धा अवस्थाको उदाहरण निम्न बमोजिम रहेका छन्:

| क्र सं | ठेक्कानं. | काम | **निर्माण व्यवसायी** | प्रकार | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | -01-2081/82 | Procurement of Supply and Delivery of Sanitary Pad | Bhusal Trade and Supplies | SQ | १३८९९६० | ६१७३१९ | -५५.६ |
| २ | 06-2081/82 | Road Construction Work at Topre Gufa | Bee Builders and Suppliers Pvt.Ltd. | SQ | १२३०७२२ | ६६९२३८ | -४५.६ |
| ३ | 01-2081/82 | Construction of Panchamipokhari-Aglung Phadi Road | Phulbari Nirman Sewa | NCB | ७०५७३३१ | ४०००१३० | -४३.३ |
| ४ | 10-2081/82 | Upgrading of Rolma Ward Karyalaya Bhaikmare Badachour Abuwa Lohari Road | Sinahan Construction Pvt.Ltd. Kathmandu Ma.Na. Pa.-11,Babarmahal, Nepal | NCB | ४९९८०७८ | २९७९१०५ | -४०.४ |
| ५ | 05-2081/82 | Upgrading of Myalpokhari Jhalkane Pipalrukha Road | Janish and Ayush Construction | NCB | २९९९५१७ | १८१८६२९ | -३९.४ |
| ६ | 08-2081/82 | Construction of Banjhakateri Kote | Bijaya Nirman Sewa and Suppliers | NCB | २६९२४७५ | १६४०३७४ | -३९.१ |
| ७ | 04-2081/82 | Construction of Riyale Secondary School Physical Infraction Development | Ashika Nirman Sewa | NCB | २८९६७८६ | १७९४७८५ | -३८.० |
| ८ | 03-2081/82 | Construction of Covered Hall | G.N.C. Construction and Supplies Pvt.Ltd. | SQ | २६२६६६५ | १६४८१८२ | -३७.३ |
| ९ | 04-2081/82 | Topre Pra Bi Purbadhar Nirman | Sen Construction Pvt.Ltd. | SQ | १५८२५७९ | १०२०१०२ | -३५.५ |
| १० | 11-2081/82 | Rolma Lisne Park Nirman | Pratham Engineering Construction and Suppliers Pvt.Ltd. | NCB | ४५०१९०२ | २९०२२९७ | -३५.५ |
| ११ | 09-2081/82 | Upgrading of Rolma Ward Karyalaya Bhaikmare Badachour Abuwa Lohari Road 2nd | Lucky Construction Nirman Sewa | SQ | १९२६८२५ | १३१९४८३ | -३१.५ |
| १२ | 07-2081/82 | Physical Infraction Development of Myalpokhari Secondary School | Dohali Star Construction Pvt.Ltd. | NCB | ४५३९०९९ | ३१७८५६९ | -३०.० |
| १३ | 08-2081/82 | Upgrading of Tulsimaira Khadga Bhagwati Mandir Road | Samjhana Nirman Sewa | SQ | २०१८६९८ | १४२६०६३ | -२९.४ |
| १४ | 09-2081/82 | Construction of Building at Banjhakateri Health Post | Sen Construction Pvt.Ltd. | NCB | ३८८०१३६ | २७६२९६७ | -२८.८ |
| १५ | -02-2081/82 | Procurement and Supply of Gabion Box and Pipe at madane Rural Municipality | Green Leaf Pvt.Ltd. | SQ | १७८९२२३ | १२७९७३० | -२८.५ |
| १६ | 12-2081/82 | Construction of Panchamipokhari-Aglung Phadi Road 2nd | Girbani Nirman Sewa, Sandikhark, Arghakanchi | NCB | २७३११८४ | १९७३९५७ | -२७.७ |
| १७ | 02-2081/82 | Aglung Ward Karyalaya Tala Thap | Uncle Bilders | NCB | २५२३२२९ | १८२९०८२ | -२७.५ |
| १८ | 06-2081/82 | Construction of Myalpokhari Panchamipokhari Aglung Road | Samriddha Builders and Suppliers Chandragiri -08, Kathmandu | NCB | ३२२८४२५ | २३४७५३३ | -२७.३ |
| १९ | 03-2081/82 | Construction of Janak Lower Secondary School | Bohora Engineering Consultancy | NCB | १५८८४०५ | ११५८२७७ | -२७.१ |
| २० | 02-2081/82 | Construction of Cold Chamber | G.R.S.Construction and Suppliers Pvt.Ltd, | SQ | १९९७३७३ | १४६०३२७ | -२६.९ |
| २१ | 14-2080/81 | Construction of Ripurekhola Motarable Bridge | Sunlight -Shamjhana-EG Jv, Arghakanchi | NCB | ४८४५४५६३ | ३७३९६७३८ | -२२.८ |
| २२ | 14-2081/82 | Bhanbhane Purkotdaha Myalpokhari Malagiri Sadak | Bohora Engineering Consultancy | NCB | २२४९०७५ | १७३७८६१ | -२२.७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | 01-2081/82 | Supply and delivary of medicine and Surgical Ites | Sumundra Medico Pharma | NCB | ३२०३०५६ | २५६७६६० | -१९.८ |
| २४ | 13-2081/82 | Golpokhari Digital Park Tatha Paryatan Purwadhar Nirman | Samjhana Nirman Sewa | NCB | १०४१७१४१ | ८८९१९४९ | -१४.६ |
| २५ | 15-2081/82 | Tourism Infrastructure Work at Rolma Tikhechuli | Argha Construction Pvt.Ltd, | NCB | ८४८१४२६ | ७४२५२९३ | -१२.५ |
| २६ | 05-2081/82 | Sirseni Banjhakateri Aglung Road Maintainance Work | Bishnudevi Nirman Sewa | SQ | १८१३५९७ | १६८९६८६ | -६.८ |
| २७ | 10-2081/82 | Construction of Radha Krishna Mandir and Public Toilet | Sen Construction Pvt.Ltd. | SQ | १७९१८१४ | १२४५७१० | -३०.५ |
| २८ | 01-2081/82 | Construction of Kankedaurali Ni. Ma.Vi.Physical Infrastructure Development | Argha Construction Pvt.Ltd. | SQ | १३७५९६२ | १०१६२८९ | -२६.१ |

२५.२ **कार्य सम्पन्न नभएका ठेक्का:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा तोकिएको म्यादमा काम सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । यस पालिकाबाट कार्यान्वियन भैरहेका देहायका ठेक्काको भौतिक प्रगती व्यतित समयावधिको तुलनामा ज्यादै न्यून देखिएको छ । म्याद गुज्रिएर काम बाँकी रहेका ठेक्का फरफारक गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

| ठेउक्का नं. | कामको विवरण | निर्माण व्यवसायीकोनाम र ठेगाना | काम समाप्त गर्नुपर्ने मिति | सम्झौतारकम | कुलयथार्थ खर्च | वित्तीय प्रगति |
|---|---|---|---|---|---|---|
| 04-2081/82 | Construction of Riyale Secondary School Physical Infraction Development | Ashika Nirman Sewa | 3/20/2082 | १७९४७८५ | १४९२३५९ | ८३ |
| 09-2081/82 | Construction of Building at Banjhakateri Health Post | Sen Construction Pvt.Ltd. | 3/20/2082 | २७६२९६७ | १८९९८९१ | ६९ |
| 11-2081/82 | Rolma Lisne Park Nirman | Pratham Engineering Construction and Suppliers Pvt.Ltd. | 3/20/2082 | २९०२२९७ | २१८८७५६ | ७५ |
| 14-2080/81 | Construction of Ripurekhola Motarable Bridge | Sunlight -Shamjhana-EG Jv, Arghakanchi | 9/4/2082 | ३७३९६७३८ | १५०१५०९१ | ४० |
| 14-2081/82 | Bhanbhane Purkotdaha Myalpokhari Malagiri Sadak | Bohora Engineering Consultancy | 3/20/2082 | १७३७८६१ | | ० |
| 12-2077/78 | Construction of 15 Bed Hospital | Himdung/AC JV | | १२४८२९०७७ | ७२३३२४६४ | ५८ |
| 17-2077/78 | Construction of Administrative Office Building of Madane Rural Municipality | Dhulikhel/Arjun/New Liza JV, Tamghas Gulmi | | ८२६७७९३३ | ६४९७३६९६ | ७९ |
| 13-2078/79 | Construction of Kankedaurali Tourism Infrastructure Development Program | Shrestha Builders | 10/30/2082 | ३४७३५३७ | ३११३४५० | ९० |

२६ **पेश्की बाँकीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको दायित्व हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रू.१,२९,३६,२१८।०६ बाँकी रहेको देखिन्छ । फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने देखिन्छ ।

| पेश्की लिनेको नाम | मिति | प्रयोजन | रकम |
|---|---|---|---|
| सनलाइट सम्झना इजी जेभी | २०८१।३।२० | रिपुरे खोला पुल मोविलाइजेशन | ६६,००,०००।- |
| धुलिखेल अर्जून न्यूलिजा जेभी | २०७८।१०।५ | प्रशासकीय भवन निर्माण मोविलाइजेशन | ६३,३६,२१८।०६ |
| **जम्मा** | | | **१,२९,३६,२१८।०६** |

२७ **आन्तरिक लेखापरीक्षणतर्फको बेरूजुः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **८,८८६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२८ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन, २०४९ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता खर्च लेख्नु पर्ने उल्लेख छ | त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०५/१८, च.नं. १८० को परिपत्रको बुँदा नं ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गरी तलब भत्ता लेख्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई पालिकाका कर्मचारीहरुको रु. १,५३,६४,६१२।८० तलब भत्ता खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले ऐन बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२९ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा शाखा तथा महाशाखा रहेको संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३३ जना पदपूर्ती भएको देखिन्छ । कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, सिभिल इन्जिनियर, प्रशासन सहायक पाँचौ, असिस्टेन्ट सव इन्जिनियर सहित विभिन्न १२ पदहरु रिक्त रहेकामध्ये १ इन्जिनियर तथा २ असिस्टेन्ट सव इन्जिनियर करार सेवा मार्फत पदपूर्ति गरेको छ । रिक्त रहेको शिक्षा शाखामा काजमा मावि शिक्षक र वडा सचिवमा स्वास्थ्य तर्फका कर्मचारीबाट कार्यसम्पादन गरेको देखियो । रिक्त रहेका पदहरुमा पदपूर्तिका लागी २०८०।८।१४ मा प्रदेश लोकसेवा आयोगमा माग गरेतापनि पदपुर्ती भएको देखिदैन । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ कार्यचाप तथा आवश्यकताको आधारमा दरवन्दी तथा पदपुर्ति व्यवस्थापन हुनुपर्दछ ।

३० **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । पालिकाले १ इन्जिनियर, २ असिस्टेन्ट सव इन्जिनियर, १ कृषि प्राविधिक पाँचौ, १ कृषि प्राविधिक चौथो, २ कृषि प्राविधिक चौथो लगायत विभिन्न २२ जना कर्मचारी पालिकाको आन्तरिक श्रोतबाट पदपूर्ति गरी करार कर्मचारी पारिश्रमिकमा मात्र रु. ८४,४२,७५९.८५ खर्च गरेको स्थिती छ । उक्त खर्च कुल आन्तरिक आय रु. ३७ लाख ८० हजारको २.२५ गुणा रहेको छ । पालिकाले दरबन्दी बाहेकका १ जना ल्याब असिस्टेन्ट गत विगत देखी करारमा नियुक्त गरी यस वर्ष रु.

४,३७,७२६.०० तलब भत्ता खर्च लेखेको नियमसम्मत देखिएन । अतः आन्तरिक श्रोतबाट खर्च सुनिश्चितता नहुने अवस्थामा समेत पालिकाले करारमा कर्मचारी नियुक्ति गरी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्ने देखियो ।

| | |
|---|---|
| अनियमित भएको | ४,३७,७२६ |

**३१ कर्मचारी खाजा भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले १५ औँ गाउँ सभाको निर्णय नम्बर २८ मा गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारीहरुलाई मासिक रु. १,५००।०० खाजाखर्च बापतको रकम उपलब्ध गराउने निर्णय गरेको छ । पालिकाले सोही निर्णय बमोजिम यस वर्ष गाउँपालिका कार्यालयमा कार्यरत २० स्थायी कर्मचारी, ६ करार कर्मचारी, ३ ज्यालादारीमा कार्यरत कर्मचारी र कार्यक्रम करारतर्फका ८ कर्मचारी समेत कुल ३७ जना कर्मचारीहरुलाई तलबी पेरोलमा मासिक रु. १,५००।०० का दरले कुल रु. ६,६६,०००।०० विविध खर्च शीर्षकबाट खाजा खर्च लेखेको छ । पालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा आन्तरिक आय समेतलाई विचार गरि आर्थिक भार बढ्ने गरी भत्ता भुक्तानीमा औचित्यता र मितव्ययीता कायम गर्नु पर्दछ ।

**३२ कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । ऐनको पालना गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

**३३ आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था छैन । यस वर्ष पालिकाले आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ को आधारमा दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता, हिंसा पीडित तथा बेचविखनमा परेकालाई सहायत, आर्थिक रुपले विपन्न र पीडित बालबालिका सहायता, बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता लगायत शीर्षकमा ७४ जना पीडितहरुलाई रु. ६,७४,५५५।०० आर्थिक सहायता वितरण गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छ ।

क) आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७५ को दफा १० मा आर्थिक सहायता दिने प्रयोजनको लागि एक आर्थिक सहायता कोष स्थापना गरी कोषमार्फत सहायता वितरण गर्ने व्यवस्था रहेकोमा पालिकाले गाउँपालिका चालु अन्तर्गत अन्य सहायता शीर्षकबाट रु. ६,७४,५५५।०० खर्च गरेको छ । पालिकाले आर्थिक सहायता वितरण गर्दा कार्यविधिको पालना गर्नुपर्दछ ।

ख) पालिकाको वितरण गरेको आर्थिक सहायत रकम कुल आन्तरिक आय रु. ३७ लाख ८० हजारको १७.५८ प्रतिशत हुन आउँछ । पालिकाले आर्थिक सहायता प्राप्त गर्ने हरुको नामावली सार्वजनिक प्रकाशन गरी आर्थिक सहायता वितरण खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

**३४ विविध कोष व्यवस्थापनः**

कार्यसञ्चालन तथा आपतकालीन विपदको रोकथाम र भैपरी आउन सक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी पालिकाले मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष लगायतको स्थापना गरेको छ। पालिकाको कार्यसञ्चाल कोषमा आ.व.२०८१।८२ मा कुल रकम रू. १ करोड ८ लाख २६१ आम्दानी रहेकोमा रू.१ करोड ५ लाख ८५ हजार ८४४ रकम खर्च भएको पाइयो। त्यसैगरी विपद व्यवस्थापन कोषको रकम खर्च गर्दा पालिकाको विपद व्यवस्थापन कोष सम्बन्धी कार्यविधिको परिधिभित्र रही खर्च गर्नु पर्दछ ।यस सम्बन्धी विवरणहरु देहाय बमोजिम छन :

(क) पालिकाले राहत वितरण सम्बन्धी कार्यविधि तर्जुमा गरेको पाईएन । पालिकाले विपद् प्रभावित यकिन गरेर राहत तथा सामग्री उपलब्ध गराउनुपर्नेमा राहत प्राप्त गर्ने व्यक्ति वास्तविक विपद प्रभावित हुन् वा होइनन् यकिन हुन सकेन । तसर्थ पालिकाले वास्तविक विपद् प्रभावित संख्या तथा विवरण यकिन गरेर मात्र राहत उपलब्ध गराउनु पर्दछ ।

(ख) पालिकाले विविध कोषतर्फ विभिन्न कोषहरू स्थापना गरी खर्च गरेकोले यस सम्बन्धमा एकीकृत कार्यविधि तयार गरी एउटै कोष मार्फत निश्चित मापदण्ड तय गरी सोही अनुरुप खर्च गर्नुपर्दछ ।

३५ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही तर्जुमा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने, जन जीवनस्तर उठाउने, आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासका योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरि उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा अनुत्पादक र वितरणमुखि योजना र कार्यक्रमहरु सञ्चालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्याउने तथा पालिकाको आर्थिक व्यभार बढन गई आगामी दिनमा प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा सुधार हुनुपर्दछ। यस सम्बन्धी केही उदाहरण निम्नानुसार छनः

| **भौ नं. र मिति** | **कार्यक्रमको विवरण** | **भुक्तानी** |
|---|---|---|
| ९१६-०८२।३।२४ | वडानं. ६ मा जग तथा किटली वितरण | ४३१८७ |
| ८५२-०८२/०३/२३ | बल्याङ्केट वितरण कार्यक्रम | ५०००० |
| ८५२-०८२/०३/२३ | बल्याङ्केट वितरण कार्यक्रम | ४९८९२ |
| ८५२-०८२/०३/२३ | बल्याङ्केट वितरण कार्यक्रम | ४९९४६ |
| ८३६-०८२-०३-२२ | बल्याङ्केटवितरण कार्यक्रम वडा नं ३ | ५०००० |
| ६३४-०८२/०३/०६ | वडा नं १मा ट्याङ्कि वितरण | ५०००० |
| ६३४-०८२/०३/०६ | वडा नं १ मा ट्याङ्कि वितरण | ५०००० |
| ६१३-०८२/०३/०१ | वडा नं १ मा विभिन्न सामाग्रि वितरण कार्यक्रम | १५०००० |

३६ **अनुदानको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय योजना कार्यक्रममा रकम खर्च गर्दा कानुन, मापदण्ड, कार्यविधि बनाइ सोही अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । खर्च गरिएको रकमको सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले नियमित अनुगमन, नियमन र प्रतिवेदन जस्ता कार्य गर्नुपर्दछ । पालिकाले निम्नानुसार पशु विकास तर्फको कार्यक्रम बजेटबाट खर्च गरेकोमा कार्यक्रमको अनुगमन गरी, अनुदानको सहि सदुपयोग, संचालित कार्यक्रमको प्रभावकारिता तथा यसबाट जीवनस्तरमा आएको सुधारको मापन गरी प्रतिवेदन तयार गरेको देखिएन। संचालित कार्यक्रमको प्रभावकारी अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन तयार गरी पालिकाबाट विभिन्न प्रकारका अनुदान वितरण भएकोमा अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण समेत सार्वजनिक गर्नुपर्दछ ।

| **क्र.सं.** | **अनुदानको किसिम** | **परिमाण** | **अनुदानग्राहीको संख्या** | **जम्मा लागत** | **पालिका अनुदान** | **लाभग्राहीको अंश** |
|---|---|---|---|---|---|---|
| १ | कुखुराको चल्ला वितरण | ११५० | २ | २,००,००० | १,००,००० | १,००,००० |
| २ | भेडा वितरण | ४ | ४ | १,००,००० | ५०,००० | ५०,००० |
| ३ | राँगा वितरण | ४ | १२ | ४,००,००० | २,००,००० | २,००,००० |
| ४ | माछाको भुरा वितरण | १३,००० | १२ | १,००,००० | १,००,००० | ० |

३७ **स्थानीय भत्ता बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **६,४५३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४,१७३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३८ **अतिरिक्त भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले नीति तथा कार्यक्रम निर्माण गर्न कार्यालय समय भन्दा अघिपछी अतिरिक्तकार्य गर्नुपरेको उल्लेख गरी १५ औँ गाउँ सभाको निर्णय नम्बर ९ बमोजिम २ पदाधिकारी तथा ५ कर्मचारीलाई र १६ औँ गाउँ सभाको निर्णय नम्बर ५ बमोजिम तथा ५ कर्मचारीलाई रु. ४,८८,०५४।०० अन्य भत्ता शीर्षकबाट अतिरिक्त भत्ता भुक्तानी गरेको छ । पालिकाले अतिरिक्त समयमा गरेको काम र सोको नतिजा प्रमाणित नगराई तथा सम्पूर्ण समयावधिको विद्युतिय हाजिरी प्रणालीमा रेकर्ड नभएको अवस्थामा कर्मचारी तथा पदाधिकारीहरुलाई अतिरीक्त भत्ता भुक्तानी गरेको छ । पालिकाको आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा आन्तरिक आय समेतलाई विचार गरी अन्य भत्ता खर्चमा औचित्यता र मितव्ययीता कायम गर्नु पर्दछ ।

३९ **बैठक भत्ता**

अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०८१ को बुँदा नम्वर ४५ मा बैठक भत्ता खर्च भुक्तानीका मापदण्ड तोकेको छ । उक्त मापदण्ड अन्तर्गत कानून बमोजिम गठन भएको समिति वा सञ्चालक समितिको बैठकका आवश्यक्ता, औचित्यता र उपयुक्तता स्पष्ट हुनुपर्ने, एउटै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ । साथै समितिको बैठकमा विषयविज्ञ बाहेकका आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेले बैठक भत्ता पाउने छैन भनी उल्लेख छ । पालिकाले यस वर्ष पदाधिकारी बैठक भत्तामा रु. १५ लाख, कर्मचारी बैठक भत्तामा रु. ९ लाख समेत पदाधिकारी र कर्मचारी बैठकको लागि रु. २५ लाख विनियोजन गरी पदाधिकारी बैठक शीर्षकबाट रु. १४,२५,३४०।०० तथा कर्मचारी बैठक शीर्षकबाट रु. ८,९९,५००।०० समेत कुल रु. २३,२४,८४०।०० बैठक भत्ता खर्च लेखेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन् :

• पालिकाले कतिपय बैठक भत्ताको माइन्युट संलग्न नगरी बैठक भत्ता खर्च भुक्तानी गरेको पाइयो ।

• स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ मा ऐनमा एकै दिनमा एक भन्दा बढी बैठक बसेकोमा एउटा बैठक बापत मात्र बैठक भत्ता पाउने उल्लेख भएकोमा सो भन्दा बढी बैठक खर्च लेखेको पाइयो ।

• बैठकमा अनुपस्थित पदाधिकारी तथा कर्मचारीहरुलाई समेत बैठक भत्ता भुक्तानी गरेको पाइयो ।

• पालिकाले एउटै निकायका पदाधिकारी तथा कर्मचारीमात्र समावेश अनुगमन समिक्षा वैठकको भत्ता भुक्तानी गरेको पाइयो ।

पालिकाले विभिन्न समिति, शाखा, कार्यक्रम तथा निर्णयको लागि बैठक बसेको हुँदा बैठक सम्बन्धी एकिकृत अभिलेख तयार गर्दै बैठक खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

४० **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण आदेशमा भ्रमणको उद्देश्य कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने र भ्रमणबाट फर्किएको ३ दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको ब्यहोरा सहितको भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । यस पालिकाले पदाधिकारी भ्रमण खर्चमा रु. ९ लाख तथा कर्मचारी भ्रमण खर्चमा रु. १६ लाख ५० हजार समेत वार्षिक भ्रमण खर्चमा रु. २५ लाख

५० हजार बजेट विनियोजन गरी पदाधिकारी भ्रमणतर्फ रु. ८,९७,८६९।०० र कर्मचारी भ्रमणतर्फ रु. १६,५०,०००।०० समेत कुल रु. २५, ४७,८६९।०० खर्च गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छः

• यस पालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गरेको र फर्किदा कार्यालयको काममात्र उल्लेख गरी प्रतिवेदन पेश गरेको।

• पदाधिकारी तथा कर्मचारीहरुलाई दोहोरो पर्ने गरि विभिन्न बैठक तथा कार्यक्रममा उपस्थित भएको दिनको समेत भ्रमण खर्च भुक्तानी भएको ।

• भ्रमणको स्पष्ट कारण र प्रयोजन नखुलाई अन्य सरकारी कार्यालयका कर्मचारी तथा पदाधिकारीहरुलाई पालिकाको निवेदन तथा आग्रह बेगर भ्रमण आदेश स्वीकृत गरी भ्रमण खर्च भुक्तानी गरेको पाइयो ।

पालिकाले भ्रमण खर्च तथा अवधिको वास्तविकता यकिन गरी खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

## ४१ अन्य कार्यालयको भ्रमण खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । भौचरको नमुना छनौट गरी भ्रमण खर्चको परीक्षण गर्दा पालिकाले जिल्ला प्रशासन कार्यालय, राष्ट्रिय अनुसन्धान कार्यालयका विभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गरेको छ । अन्य कार्यालयहरु आफैँमा खर्च गर्ने अख्तियारी रहेको तथा भ्रमण आदेशमा भ्रमण खर्च भुक्तानी हुने कार्यालय नतोकिएको अवस्थामा भ्रमण खर्च दोहोरो भए नभएको यकिन गर्न सक्ने अवस्था रहेन । अतः पालिकाले अन्य कार्यालयका कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गर्दा स्पष्ट कारण र प्रयोजन खुलाई दोहोरो खर्च नहुने सुनिश्चितता गर्नुपर्दछ ।

## ४२ मसलन्द तथा कार्यालय सामाग्री खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ८५ अनुसार लागत अनुमान रु. १० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, नियम ८४ अनुसार निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा रु.१० लाख भन्दा वढी भएमा सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रु. १६ लाख बजेट विनियोजन गरी रु. १५,९४,९५४।०० खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पालिकाले मसलन्द सामाग्री पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

## ४३ वडा कार्यालय सञ्चालन खर्च

नेपाल सरकार, अर्थ मन्त्रालयको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार, विविध, मसलन्द, इन्धन लगायतका खर्चलाई “वडा कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च” खर्च शीर्षकमा ७ वडालाई रु. ३ लाखका दरले रु. २१ लाख बजेट विनियोजन गरी रु. २०,९२,८८७।०० खर्च गरेकोमा खर्च रकम एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार खर्च प्रविष्टि भए गरेको पाइएन । वडा कार्यालय सञ्चालन खर्चहरुको श्रेस्ता परीक्षण गर्दा खरिद मसलन्द सामग्रीहरुको व्यवस्थित जिन्सी खाता नभएको, इन्धन खर्चको लगबुक विवरण अद्यावधिक नभएको तथा चिया खाजा खर्चमा स्पष्ट मापदण्ड रहेको देखिएन । वडा कार्यालयको खर्चमा एकरुपता नहुनुका साथै पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले वडाबाट खरिद गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुका साथै पालिकाले बजेट विनियोजन एवं खर्च गर्दा एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको पालना गर्नुपर्दछ ।

## ४४ विज्ञापन खर्च

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ क को उपदफा ३ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि ऐनको दफा २१ को खण्ड ख बमोजिम रकम कट्टा गर्नुपर्ने र उपनियम ४ मा उपनियम ३ बमोजिम कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा गरी सोको जानकारी बोर्डलाई दिनुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८० को नियम ५ ग मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा ऐनको दफा ३२ बमोजिम बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गाउँपालिका चालुतर्फ पत्रपत्रिका, छपाई तथा सुचना प्रकाशनमा रु. ८,९७,८६९।०० खर्च गरेको देखियो । उक्त खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन । साथै उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु. २६,९३६।०७ बोर्डको कोषमा जम्मा गरेको देखिएन । पालिकाले कानुनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गरी खर्चको ३ प्रतिशत रकम बोर्डको कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,९३६ |

## ४५ इन्धन खर्च

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष पदाधिकारी तथा कार्यालय प्रयोजन इन्धन शीर्षकमा रु. १२ लाख बजेट विनियोजन गरी रु. १२,००,०००।०० खर्च गरेको छ । नमुना कारोबारको भौचर छनौट गरी इन्धन खर्चको भुक्तानीको श्रेस्ता परीक्षण गर्दा देखिएको व्यहोरा देहायअनुसार छः

(क) पालिकाका सवारीसाधनमा खपत भएको ईन्धनको विवरण पाम्स (PAMS) मा पोष्टिङ्ग गरेको पाइएन।

(ख) पालिकाले सञ्चालन गरेको सवारीसाधनहरुको ईन्धन खर्च लेख्दा सवारी साधनको रितपूर्वक लगबुक राखि तोकिएको माईलेज खपत बमोजिम ईन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेखाङ्कन गरेको पाइएन ।

(ग) पालिकाले कर्मचारीलाई इन्धन कोटा तोकेकोमा पदाधिकारी तर्फ इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । साथै सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।

(घ) पालिकाले इन्धनको कुपन वितरणमा एकद्वार पद्धति कायम नभई विभिन्न व्यक्तिबाट कुपन वितरण हुने गरेको पाइयो ।

(ङ) पदाधिकारी द्वारा उपलब्ध गराईएको कुपन तथा अर्डर स्लिपमा गाडी नम्वर उल्लेख नगरेको, कार्यालयको आधिकारीक दस्तखत र छाप नभएकोले इन्धन खर्चको सही सदुपयोग भएको एकिन गर्न सकिएन ।

(च) पालिकाले वडा तर्फको कार्यालय सञ्चालन खर्च शीर्षकबाट समेत इन्धन खर्च भुक्तानी गरेको छ ।

पालिकाले इन्धन खर्चलाई मितव्ययी बनाउन कार्यसञ्चालन निर्देशिका तयार गरी पदाधिकारी तथा कर्मचारीको इन्धनको सुविधा कोटा निर्धारण गर्नु पर्दछ । साथै सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी पाम्समा अभिलेखाङ्कन गर्ने तथा इन्धन खर्च नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

## ४६ विविध खर्च

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च संकेत नं. २२७११ विविध खर्च शीर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शीर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्र (SUTRA) को विवरण अनुसार विविध तथा अतिथि सत्कार खर्चमा पालिकाले कुल रु. ११,१३,१३५।०० खर्च गरेको छ जुन पालिकाको कुल आन्तरिक आय रु. ३७ लाख ८० हजार को २९.४५ प्रतिशत हुन आउँछ । त्यस अतिरिक्त पालिकाले गाउँ सभा सञ्चालनमा बैठक भत्ता वितरण, खाना, खाजा, चिया, नास्ता लगायतको भुक्तानीमा रु. ५,८९,३००।०० खर्च गरेको छ । विविध खर्च अन्तर्गत अधिकाशं खर्च खाजा, खाना, पानी, चिया नास्ता लगायत खाजा खानाको बिल पेश हुने गरेको छ । पालिकाले विविध खर्चमा नियन्त्रण गर्न खर्चको औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

४७ **गैर सरकारी संस्था मार्फत कार्यक्रम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा कामको आवश्यक्ता, किसिम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी मौजुदा सुचिमा रहेका गैर सरकारी संस्थाबाट सूचना प्रकाशन गरी सम्भव भएसम्म ६ वटा र कम्तिमा ३ वटा सँग आर्थिक प्रस्ताव माग गरी प्रस्तावनाका आधारमा गैर सरकारी संस्था छनौट गरी कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । भौचरको नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायानुसारका कार्य गैर सरकारी संस्थाबाट प्रस्तावना माग गरी कार्यक्रम सञ्चालन गरेको पाइयो । यस्तो कार्यक्रम गराउँदा सार्वजनिक खरिद कानून बमोजिम खर्चको विभागीय नर्म्स, जिल्ला दररेट नर्म्स, कार्य क्षेत्रगत शर्त जस्ता आधारभुत विषयलाई आधार लिई लागत अनुमान तयार गर्नुपर्नेमा संस्थाले पेश गरेको दररेटको आधारमा सम्झौता गर्ने गरेको देखियो र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट देखिएन । स्थानीय श्रोत साधन र क्षमताको प्रयोगलाई समेत विचार गर्दै ऐन नियमावलीमा भएको व्यवस्था पालना गरी खर्च मितव्ययी बनाउनुपर्दछ ।

| **भौ नं. र मिति** | **कार्यक्रम** | **भुक्तानीपाउने** | **रकम** |
|---|---|---|---|
| ८८४-०८२।३।२३ | स्त्री रोगसम्बन्धी एक दिने निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम | भनभने गुल्मी सम्पर्क समाज | १०००००० |
| ८८२-०८२।३।२३ | श्री कङ्के देउरालीमा पर्यटन महोत्सव सञ्चालन | श्री कङ्के देउराली पर्याटकीय पुर्वाधार विकास समिति | २९२००० |
| ८६८-०८२।०३।२३ | २-८ देखि२-१७ वडा २ का महिलालाई पञ्चेबाजा तालिम | महिला सञ्जाल मदाने २ बाँझकटेरी | १५०००० |
| ८४९-०८२।३।२३ | बालमैत्री स्थानीय शासन सम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम | आधुनिक समाज विकास फाउण्डेशन प्रा. लि. | ४९७७६५ |
| ८२३-०८२।०३।०१ | सडक नाटक कार्यक्रम | जनाधार मिडिया | १००००० |
| ८०८-०८२।३।२० | सहकारी शिक्षा तथा क्षमता विकास सम्बन्धी २ दिने तालिम | नेपाल विकास केन्द्र | ९८८७५ |
| ८००-०८२।०३।२० | पुर्नताजगी ३ दिने तालिम कार्यक्रम | पिपोल केयर कन्सलटेन्सी | २९८५०० |
| ७७६-०८२।०३।१९ | अचार बनाउने तालिम | लालीगुँरास ट्रेनिङ्ग एण्ड सप्लायर्स | १४७४६५ |

४८ **तालिम सञ्चालनमा बढी दर** (७७५-2082-03-19):

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०८१ को परिच्छेद ७ को बुँदा नं ५४ को अनुसूची-११ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित गाउँपालिकास्तरीय सहायकस्तर/अन्य तालिममा प्रशिक्षक, संयोजक, सहयोगि, स्टेश्नरी, खाजा खर्च लगायतका खर्चको मापदण्ड सम्बन्धी व्यवस्था रहेको छ । उक्त मापदण्डमा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तलिममा सोही कार्यालयको आन्तरिक श्रोत व्यक्ती भएको अवस्थामा कार्यपत्र बापतको मात्र भुक्तानी दिनु पाउने व्यवस्था रहेको छ । पालिकाले खर्च व्यवस्थापन सम्बन्धी मापदण्ड-२०७९ तयार गर्दा उक्त मापदण्ड भन्दा विपरित कक्षा सञ्चालन तथा कार्यपत्र बापत खर्च लेख्न मिल्ने गरी तालिमको मापदण्ड स्वीकृत गरेको छ । पालिकाले पशु स्वास्थ्य तालिम कार्यक्रममा आन्तरिक प्रशिक्षक भत्ता (कक्षा सञ्चालन तथा कार्यपत्र) २५ सेसनको रु. १,३००।०० का दरले रु. ३२,५००।०० भुक्तानी दिएको छ । नियमानुसार कार्यपत्रको रु. ७०० का दरले २५ सेसनको रु. १७,५००।०० मात्र भुक्तानी गर्नुपर्नेमा पालिकाले केन्द्रीय मापदण्ड विपरित पालिकाको आन्तरिक मापदण्ड बनाई कार्यपत्र तथा कक्षा सञ्चालनको खर्च लेखेकोले मापदण्ड भन्दा बढी खर्च लेखेको रु. १५,०००।०० नियमसम्मत देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | १५,००० |

४९ **अध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालन**

पालिकाले अध्यक्ष कप भलिबल प्रतियोगिता कार्यक्रम सञ्चालन गर्न श्रोत शिक्षक खिम बहादुर कुँवरलाई भौ नं. ८६९-०८२।३।२३ बाट रु. ५,००,०००।०० तथा भौ नं. ८७१-०८२।३।२३ बाट सामग्री खरिदबापत रु. १,७१,१८५।०० एस. आर. एस. मल्टिपल सर्भिसेज प्रा. लि. लाई भुक्तानी समेत कुल रु. ६,७१,१८५।०० खर्च लेखेको पाइयो । उक्त भलिबल प्रतियोगिताको बिल भरपाई परीक्षण गर्दा देखिएका व्यहोराहरु देहायअनुसार छः

**क) कार्यक्रम सञ्चालन**- पालिका अन्तर्गत खेलकुद कार्यक्रम खर्चलाई मितव्ययी बनाउन खर्च गर्ने आधार तथा नर्म्स तयार गरेको पाइएन । कार्यक्रम सञ्चालकले पेश गरेको प्रस्तावनाका आधारमा कार्य सम्पन्न गरेको बिल भरपाई पेश गरेकोमा कार्यक्रम सञ्चालनको पुष्टयाई प्रमाण गर्ने कागजपत्रहरु, अनुगमन प्रतिवेदन, खर्च सार्वजनिकिकरण आदि श्रेस्ता साथ पेश हुन नआएकोले खर्चको वास्तविकता एकिन हुन सकेन ।

**ख) खेलकुद सामग्री प्रयोग**- अध्यक्ष कप भलिबल प्रतियोगिताको खर्च खेलकुद सामाग्री खरिद अन्तर्गत रु. १,७१,१८४।०० खर्च भुक्तानी भएको छ । उक्त कार्यक्रममा खरिद भएको सामाग्रीको जिन्सी दाखिला तथा प्रयोगको अभिलेखांकन गरेको नदेखिएकोले खर्चको वास्तविकता यकिन हुन सकेन ।

५० **शैक्षिक सुधार कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा खर्च पुष्ट्याँईं गर्ने विल भर्पाई प्रमाण कागजात संलग्न गर्नुपर्ने र नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी गर्न आवश्यक बिल भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ नं. ७३९-०८२।३।१७ बाट वडा-७ मा शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत ध्रुव के.सी. लाई रु. १२,०००।०० भुक्तानी गरेको छ । उक्त खर्चको बिल भरपाईको परीक्षण गर्दा कक्षा ३ मा अध्यनरत ३ विद्यार्थीलाई रु. २,४००।०० को स्टेशनरी सामग्री वितरण गर्दा कार्यक्रम भन्दा ४ गुणा रु. ९,६००।०० को खाना खाजा खर्चको बिल भरपाई पेश गरी भुक्तानी भएको खर्च मितव्ययी देखिएन । पालिकाले यस्तो खर्च गर्ने प्रचलनमा सुधार गर्नुपर्दछ ।

५१ **खर्चको पुष्टयाई**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५२ **पदाधिकारी यातायात सुविधा**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **१४४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५३ **अवलोकन भ्रमण खर्च**

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सृजना हुने जन जीवनस्तर उठाउने आय आर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ। पालिकाले संघीय सरकारबाट सिमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक आय पनि सिमित रहेको अवस्थामा सिमित स्रोतको अधिकतम उपयोग हुने गरि उल्लेखित विषयहरुमा केन्द्रित भई योजनाहरु कार्यान्वयन गर्नुपर्नेमा कर्मचारी तथा जनप्रतिनिधीहरुको अध्ययन अवलोकन भ्रमणको लागि आर्थिक वर्ष २०८१।८२ को वार्षिक योजना तथा कार्यक्रममै बजेट व्यवस्था गरेको पाइयो । पालिकाले यो वर्ष विभिन्न समयमा पालिका अन्तर्गतका पदाधिकारी तथा कर्मचारीहरु समावेश गरी १० देखी १२ सहभागी भएको ५ टोली बनाई पोखरा, मुस्ताङ, मनाङ, चितवन, बाग्लुङ्ग, म्याग्दी लगायतका जिल्ला अवलोकन भ्रमणमा रु.

८,६१,२५०।०० खर्च लेखेको छ । यसरी स्विकृत बजेटबाट भ्रमण गर्दा भ्रमणको उद्देश्य कार्यालयको कार्य सम्पादन सँग सम्बन्धित भएको पुष्टयाई पेश हुन आएन। यस्तो योजना र कार्यक्रमहरुले पालिकाको अर्थतन्त्रमा उल्लेखनिय योगदान नपुर्याउने तथा पालिकाको आर्थिक व्ययभार बढन गई प्राप्त आयले धान्न नसक्ने हुनाले यस्तो खर्चमा सुधार हुनुपर्दछ ।

**५४ शीर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा १९ को (२) मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख रहेको छ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४१ (क) मा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यहरुमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमा भित्र रही सोही प्रयोजनका लागि खर्च गर्नुपर्ने व्यवस्था गरेको छ । भौचरको नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्न अनुसार फरक खर्च शीर्षकबाट खर्च गरेको नियमसंगत नदेखिएको रु.

| भौ.नं. | खर्च गरेको विवरण | विनियोजित शीर्षक | खर्च |
|---|---|---|---|
| ७७७-०८२।३।१९ | सवारी साधन मर्मतको खर्च भुक्तानी | सवारी साधन तथा मेशिनरी औजार भाडा | ७३०९० |
| ५०-०८१।६।३० | भ्रमण खर्च भुक्तानी | पारिश्रमिक कर्मचारी | ९३९०० |
| ९०१-०८२।३।२४ | खाना खाजा तथा विविध खर्च | अन्य कार्यालय सञ्चालन खर्च | ११७४०० |
| | **जम्मा** | | **२८४३९०** |

| | |
|---|---|
| अनियमित भएको | २,८४,३९० |

**५५ सिमा भन्दा बढी सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा रु.१० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने र रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने, सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटक वा पटक पटक गरी १० लाख भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पुँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई नियमावलीमा तोकिएको सीमाभन्दा बढी हुने गरी एउटै आपूर्तीकर्ता मार्फत विभिन्न कार्यक्रममा सोझै खरिद गरेको देखियो । प्रचलित खरिद ऐन, नियमावली बमोजिम खरिद व्यवस्थापन गर्न पालिकाले ध्यान दिनुपर्दछ । नियमावलीमा भएको व्यवस्था उल्लंघन गरी सोझै खरिद गरेका केही उदाहरण देहायअनुसार छ ।

| गो भौ नं र मिति | बजेट उपशीर्षक | आपूर्तक | खर्च विवरण | खरिद रकम |
|---|---|---|---|---|
| २५०-०८१।१०।७ | गाउँपालिका चालु | न्यु दृष्टि सप्लायर्स | मसलन्द सामग्री खरिद | ७९९२४८ |
| ८३५-०८२।३।२२ | गाउँपालिका चालु | न्यु दृष्टि सप्लायर्स | आरण सामग्री खरिद | ४९९४६ |
| ८३६-०८२।३।२२ | गाउँपालिका चालु | न्यु दृष्टि सप्लायर्स | बल्याङ्केट खरिद | ५०००० |
| ८५२-०८२।३।२३ | गाउँपालिका चालु | न्यु दृष्टि सप्लायर्स | बल्याङ्केट खरिद | १४९७८४ |
| **न्यु दृष्टि सप्लायर्समार्फत जम्मा खरिद** | | | | **१०४८९७८** |

**५६ फरक व्यक्तिलाई भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५७ **परामर्श खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | उपयोग तथा कार्यान्वयन अवस्था |
|---|---|---|---|---|
| जिपलाईनको फिजिबिलिटी स्टडी | नयन कन्स्ट्रकशन | १००००० | ९८००० | डि.पि.आर तयारीको चरणमा रहेको |
| पवाहा खोलाको IEE प्रतिवेदन | सिबिलाइन कन्सल्टेन्ड एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ५००००० | ४९६०७० | आय ठेक्का आह्वान भएकोमा नलागेको |
| संग्राहलय निर्माणका लागि डिपिआर तयारी | ईगल्स सोलुसन प्रा.लि. | १२००००० | ११८६५०० | डिपिआर कार्यपालिकामा पेश गरी योजना माग गरिएको |

यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन्:

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्म्स कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा पालिकाले अध्ययन कार्यको लागत अनुमान तयार गर्दा जनशक्तिको पारिश्रमिक सम्बन्धमा शहरी विकास तथा भवन कार्यालय तथा सडक विभागको नर्म्स अनुसार तयार गरेको तर विषय विज्ञको समयको लागि हाल सम्म नर्म्स स्वीकृत नगरेको कारण आधार बेगर स्वीकृत बजेट परीधिभित्र रहि परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाइयो ।

• अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तथा बजेट स्वीकृत गर्दा कुनै आधार नलिई खर्च गरेको उपयुक्त देखिएन । परामर्श सेवा खरिद गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट पारेको देखिएन ।

• लागत अनुमान तयार गर्दा विषयविज्ञको अनुभव ५ वर्षभन्दा बढी, ३ वर्ष देखि ५ वर्षसम्मको अनुभवको आधारमा पारिश्रमिक राखि लागत अनुमान तयार गरेकोमा सोझै खरिद गरेका परामर्श सेवामा आवश्यकता अनुसार विषयविज्ञको अनुभव सम्बन्धमा मूल्यांकन गरेको देखिँदैन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खाम्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गर्नु पर्दछ।

• परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरेको प्रमाण पेश भएको पाइएन ।

• पालिकाले परामर्श तथा डिपीआरसँग सम्बन्धित खर्च तथा प्रतिवेदन PAMS मा दाखिला गरी व्यवस्थित रुपले सोसंग सम्बन्धित अभिलेख राख्नुपर्ने परामर्श सेवाको कार्य स्विकार प्रतिवेदन तथा जिन्सी दाखिला भएको नदेखिएको ।

• इन्सेप्सन रिपोर्ट र ड्राफ्ट रिपोर्ट पेश नगरी एकै पटक अन्तिम प्रतिवेदन पेश गर्ने गरेको देखिएको ।

पालिकाले परामर्श तर्फको खरिद कार्य गराउँदा खरिद योजना तयारी गरी प्रतिस्पर्धी तवरले आयोजनाको छनौट भएपछि लागत लाभ यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ। यस सम्बन्धमा आगामी दिनमा सुधार गर्नुपर्ने देखिन्छ ।

५८ **गाउँपालिकाको एकीकृत पार्श्वचित्र निर्माण** (८७९-2082-03-23):

गाउँपालिका भित्रको वृत्तचित्र, आइटिनरी र वेभसाइट निर्माणको सफ्टवेयर निर्माण गर्ने कार्य पालिकाले यस वर्ष परामर्शदाता क्युसेरा मल्टिपर्पोज प्रा.लि. मार्फत गरी रु. १४,८०,३००।०० खर्च गरेको छ । यस सम्बन्धी खर्च परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छः

• नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी

कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले खरिद गरेको उक्त सफ्टवेयरको सेक्युरिटी अडिट टेस्ट तथा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै प्रणाली र डाटावेसको ब्याकअप सम्बन्धी व्यवस्था भएको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यको विवरण तथा कार्यक्षेत्रगत शर्त सहितको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले गाउँपालिकाको एकीकृत पार्श्वचित्र निर्माण कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट रु. १५ लाख बमोजिमकै लागत अनुमान तयार गरी खर्च गरेको उपयुक्त देखिएन ।

• कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरेको प्रमाण पेश भएको पाइएन ।

• निर्माण भएको वेभसाईट तथा वृत्तचित्र पालिकाको अपेक्षित परिणाम अनुरुप भए नभएको पालिकाले अध्ययन गरेको पाइएन । साथै उक्त वेभसाईट तथा वृत्तचित्र प्राप्त भएपश्चात प्रयोग गर्ने सम्बन्धी नीति तथा कार्ययोजना तयार गरेको देखिएन ।

• निर्माण भएको वेभसाईट तथा वृत्तचित्रको कार्य स्विकार प्रतिवेदन तथा जिन्सी दाखिला भएको देखिएन ।

पालिकाले सफ्टवेयरको प्रयोगको स्वीकृति लिई खरिद गरेको वृत्तचित्र जिन्सी अभिलेखिकरण सहित कार्यान्वयन अवस्था निर्क्यौल गर्दै खर्च सदुपयोग गर्नुपर्दछ ।

५९ **सफ्टवेयर खरिद तथा उपयोग**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकामा प्रयोग भएका देहायबमोजिम सफ्टवेयर सञ्चालन सम्बन्धी सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| **सफ्टवेयरको नाम** | **परामर्श दाता** | **प्रयोगमा भए / नभएको** | **शाखा** | **रिनिवल तथा मेन्टेनेन्स चार्ज** |
|---|---|---|---|---|
| योजना व्यवस्थापन प्रणाली | क्युसेरा मल्टिपर्पोज प्रा.लि. | भएको | योजना शाखा | ९९००० |
| सिफारिस तथा प्रमाण पत्र प्रणाली | सिलिकन स्फट एण्ड आई.टि. कन्सल्टेन्ट प्रा. लि. | भएको | सम्पूर्ण वडाहरु | ५०८५० |

६० **त्रुटी सच्याउने दायित्व अवधि अभिलेखः**

सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्ने पर्ने र नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटि सच्याउने दायित्वको अवधि समाप्त भएपछि निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन वमोजिम भएमा कार्य सम्पन्न स्वीकृत गरी निर्माण व्यावसायीलाई समेत कार्यसम्पन्न प्रमाणपत्र दिनु पर्ने उल्लेख छ । पालिकाले सञ्चालन गरेको सार्वजनिक निर्माणका कार्यहरुमा त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण अद्यावधिक नगर्नुका साथै सम्पन्न भएको कार्यको स्वीकार प्रतिवेदन तयारी वेगर सम्पन्न प्रतिवेदन स्वीकृत गरेको देखियो । साथै चालु आ.व.मा विभिन्न योजनाको मर्मत बापत भुक्तानी भएकोमा डी.एल.पी. समयका योजनाको रकम भुक्तानी भए नभएको एकिन हुन सकिएन । पालिकाले त्रुटि सच्याउने दायित्वको अवधि भित्र रहेका निर्माण योजनाको विवरण तयार गरी देखिएका त्रुटि निर्माण व्यवसायीलाई सुधार गर्न लगाई नियमावलीको व्यवस्था अनुसार कार्यसम्पन्न प्रमाणपत्र स्वीकृत हुनु पर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ ।

६१ **कन्टिन्जेन्सी खर्चको अभिलेख :**

**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने

क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्चको छुट्टै अभिलेख राखेको छैन । आ.व २०८१/८२ मा कन्टीन्जेन्सी कट्टीको विवरण पेश गरेको छैन

६२ **गुणस्तर आश्वस्तता :**

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया पालिकासँग भएको सम्झौता बमोजिम हुनुपर्ने, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले ठेक्का मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न (Lab Test) को लागि विओक्युमा रकमको व्यवस्था गरेको भएता पनि विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । गुणस्तर व्यवस्थापनमा कार्यालयको कमजोर प्राथमिकताका कारणले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा विश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ पालिकाको पहल हुनुपर्दछ। विओक्युमा Lab test को लागि रकमको व्यवस्था गरेपनि गुणस्तरपरिक्षण नगरेको उदाहरण निम्न छन्:

| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | ठेक्का घटेको प्रतिशत | रकम |
|---|---|---|---|---|
| १०-२०८१/८२ | रोल्मा वार्ड कार्यालय भाईकामारे अबुवा वडाचौर लोहरी रोड अपग्रेड | सिंहा कन्स्ट्रक्सन प्रा लि | ४०.४ | २०००० |
| ४-२०८१।८२ | रियाले मा वि पूर्वाधार निर्माण- ट्रसको काम | आशिकानिर्माण सेवा | ३८ | २०००० |
| ११-२०८१/८२ | रोल्मा लिस्ने पार्क निर्माण | प्रथम इन्जिनियरिङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ३५.५ | २३००० |
| ७-२०८१।८२ | मेहेलपोखरी मा वि भौतिक पूर्वाधार निर्माण | दोहाली स्टार कन्स्ट्रक्सन प्रा लि | ३० | २०००० |
| ०५-२०७८। ७९ | औद्योगिक ग्राम भौतिक पूर्वाधार निर्माण | सौन्दर्य कन्स्ट्रक्सन | २४.७६ | १०२८१६ |

६३ **एज बिल्ट नक्सा:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिम एज बिल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीले लेखापरीक्षण अवधि सम्म उक्त नक्सा पेश गरेको नदेखिएकोले उक्त नक्सा पेश गर्नुपर्ने अन्यथा भुक्तानी गरेको उक्त रकम असुल गर्नुपर्ने रु.

| **ठेक्का नं.** | **योजनाको नाम** | **निर्माण व्यवसायीको नाम** | **रकम** |
|---|---|---|---|
| ०४-०७८।७९ | भनभने हेल्थपोष्ट भवन निर्माण | पन्थ रेसुङ्गा दर्शेन जेभी | ४०,०००/- |
| ०५-२०७८।७९ | औद्योगिक ग्राम भौतिक पूर्वाधार निर्माण | सौन्दर्य कन्स्ट्रक्सन | ६०,०००/- |
| जम्मा | | | **१,००,०००/-** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

६४ **ल्याब टेस्टको बिल पेश नगरेको:**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६५ **पेश्की रकमको अनुगमन :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिका बाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

६६ **रोल्मा टिकाचुली पर्यटन पूर्वाधार:**

गाउँपालिकाले २०८१।०२।२३ भित्र रोल्मा टिकाचुली पर्यटन पूर्वाधार निर्माण सम्पन्न गर्ने गरी रु.६५७७५६८.३४ को लागत अनुमान तयार गरी ठेक्का नं.१०-२०८०/८१ बाट बोलपत्र आव्हान गरेकोमा निर्माण व्यवसायी लक्की कन्स्ट्रक्सन निर्माण सेवा सँग मिति २०८०।०९।१७ मा रु.४६१२२५८.७६ को सम्झौता गरी मिति २०८२।०३।२३ मा अन्तिम बिल वापत रु.10,००,७०७/- भुक्तानी गरी कार्य स्वीकार भएको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन:

६६.१ **भेरियशनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजित भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को कार्यविधि पुरा गरी भेरिएशन जारी गर्ने सकिने व्यवस्था रहेको छ। त्यस्तै निर्माण व्यवसायीसँग भएको सम्झौताको जनरल कण्डिशन अफ कण्ट्याक्ट अनुसार सम्झौता रकमको २ प्रतिशत र भेरियशन हुने आइटमको परिमाण २५ प्रतिशत भन्दा वढी हुने भएमा पुनः लागत अनुमान तयार गरी निर्माण व्यवसायीसँग वार्ता गरी नयाँ वा थप कार्यको सम्झौता रकम निर्धारण हुने उल्लेख छ । कुल रु.४३,३४,९७९.९९ मुल्याङ्कन सहित अन्तिम बिलवापत रु.१०,००,७०७/- भुक्तानी गर्दा केही काम कम तथा केही काम वढी गरी ठेक्का बिल तयार गरेको छ। तर कुल सम्झौता अंक र भेरिएसन हुने आइटमको परिमाणमा फरक पर्दा समेत प्राविधिक पुष्ट्याइ सहित भेरिएशन आदेश स्वीकृति गरेको देखिएन। खरिद नियमको पालना गरी भेरिएसन आदेश स्वीकृत गरी कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्दछ। भेरिएशन भएकाकामका उदाहरण निम्न बमोजिम छन्:

| Item no | काम | BOQ परिमाण | नापी परिमाण | भुक्तानी परिमाण | भेरिएसन परिमाण | दर | भेरिएसन रकम | भेरिएसन प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| B4 | PCC 1:3:6 | १४.४२ | ९१.५९ | ५२.५९ | ७७.१७ | ८००० | ६१७३६० | ५३५.१६ |
| B7 | Stone soling | २०.४९ | १०६.११ | २०.४९ | ८५.६२ | २२०० | १८८३६४ | ४१७.८६ |
| B6 | Stone Masonary 1:6 | १२१.४३ | १८२.३६ | १८२.३६ | ६०.९३ | ६५०० | ३९६०४५ | ५०.१८ |
| B12 | Laying flag stone | ११०६.३३ | ६११.३३ | ६११.३३ | ४९५ | १७०० | -८४१५०० | -४४.७४ |
| | कुलसम्झौता रकम रु.४६१२२५८.२८ मा भेरिएसन भएको प्रतिशत | | | | | | ३६०२६९ | ७.८१ |

६६.२ **माटो पुर्ने काम:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६६.३ **बढी नापी:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२६,७५५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६७ **प्रशासकीय भवन निर्माण:**

गाउँपालिकाले २०७९।०८।२५ भित्र गाउँपालिका प्रशासकीय भवन निर्माण सम्पन्न गर्ने गरी रु.९,६६,८३,५१२.८६ को लागत अनुमान तयार गरी ठेक्का नं.१७-२०७७/७८ बाट बोलपत्र आव्हान गरेकोमा निर्माण व्यवसायी धुलिखेल/ अर्जुन/ न्यू लिजा जेभी सँग मिति २०७८।०२।२६ मा रु.८,२७,१८,२०६.१६ को सम्झौता गरेको सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

६७.१ **नापी नगरी भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । चौधौ रनिङ बिल सम्म आईटम नं. B.8, Tor steel or TMT reinforcement को ९५.४३ मेट्रिकटनको काम भएको जनाई प्रति मेट्रिकटन रु.१,०३,९५०/- को दरले रु.९९,२०,१०२.०२ भुक्तानी गरेको छ। पालिकाले ११ औ रनिङ बिल सम्म भुक्तानी गर्दा Bar Bending Schedule तयार गरी भुक्तानी गरेपनि तेह्रौ रनिङ बिल भुक्तानी गर्दा हरेक कामको लागि आवश्यक पर्ने डन्डिको परिमाण खुल्ने Bar Bending Schedule तयार नगरी कम्पाउण्ड वालको १.९६ मेट्रिकटन र विल्डिङको लागि पिसिसि परिमाण ६६१.५१ घनमिटरको प्रतिशतको आधारमा हुने परिमाण एकमुष्ठ रुपमा हिसाब गरेको (१.९६+६६१.५१*१.८%*७.८५=९५.४३) देखिएकोले भुक्तानी गरेको डन्डीको परिमाण यकीन गर्न सकिएन। ठेक्काको अन्तिम बिल तयार गर्दा निर्माण कार्यमा प्रयोग भएको सम्पूर्ण Tor steel or TMT reinforcement परिमाण खुल्ने नापी किताब Bar Bending Schedule तयार गरी थप/घट हुने परिमाण यकिन गरी भुक्तानी हुनुपर्दछ।

६७.२ **ल्याड डेभपलपमेन्ट:** पालिकाले उल्लेखित ठेक्काको आईटम नं. B3 मा १४७६५.३९ घनमिटर माटो खनेर ५०० मिटर दुरी सम्म फाल्ने र उक्त परिमाण मध्ये १४१४८ घनमिटर ल्याण्ड डेभपलमेन्टको माटो काट्ने परिमाणमा गणना हुने तथा आईटम नं. B४ मा माटो ३०५७.५१ घनमिटर माटो पुर्ने काम गर्ने र उक्त परिमाण मध्ये २५३१.६६ घनमिटर ल्याण्ड डेभलपमेन्टको लागि गणना हुने गरी लागत अनुमान तयार गरेको छ। भवन बन्ने ठाउँ तयार गर्दा काटेको माटो ५०० मिटर सम्म प्रयोग गर्ने सकिने तथा उक्त खनेको माटो नै पुर्ने ठाउँमा प्रयोग हुने हुँदा पुर्नेकामको लागि छुट्टै रकम भुक्तानी दिन मिल्ने देखिदैन। चौधौ रनिङ बिल सम्म १४७६५.३९ घनमिटर खन्ने काम हुँदा पुर्नेकामको लागि ४३६.३९ घनमिटरको रु.७९.२ को दरले भुक्तानी भएको छ। पालिकाले ल्याण्ड डेभलपमेन्टको पुर्ने कामको परिमाण गणना गर्दा खन्ने कामको परिमाणसँग दोहोरो नहुने गरी बाँकी भुक्तानी गर्ने तर्फ ध्यान दिनुपर्दछ।

६७.३ **दोहोरो नापी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले उक्त निर्माण कार्यको अन्तर्गत ड्रेन खनेको नापी किताबमा ५९.६८ घनमिटर दोहोरो गणना गरेको कारण प्रति घनमिटर रु.११८.८ को दरले बढी भुक्तानी भएको रु.७०८९ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,०८९ |

६७.४ **कार्यसम्पादन जमानतको म्याद:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(१) मा वोलपत्र दाताले ऐनको दफा २७(४) बमोजिमको ढाँचामा दफा २७(३) बमोजिमको म्यादभित्र वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानत पेस गर्नुपर्ने उल्लेख छ । उपनियम (४) मा त्यस्तो कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा

कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्नाले कार्य सम्पन्न गर्ने अवधि भन्दा एक बर्ष पछिको हुने भएकोले कार्यसम्पादन जमानतको म्याद कार्यसम्पादन गर्ने अवधि भन्दा १३ महिना बढी अवधिको हुनुपर्छ । यस निर्माण कार्यको म्याद कार्यपालिकाको १७ औ निर्णयबाट २०८३।०३।३१ म्याद थप भएकोमा कार्यसम्पादन जमानत रकम रु.९२,००,०००/- को म्याद २०८४।४।३० सम्म थप हुनुपर्नेमा २०८३।०४।३० सम्मको मात्र रहेको छ। थप अवधिको लागि कार्य सम्पादन जमानतको म्याद समेत थप गर्नुपर्दछ।

६७.५ **पेश्की:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की दिदा संलग्न हुनुपर्ने बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फर्स्यौट गर्नुपर्ने अवधि भन्दा कम्तीमा एक महिना वढी अवधिको हुनुपर्ने तथा सम्झौतामा उल्लिखित समयावधिभित्र कार्य सम्पन्न नगरेको कारण पेश्की फर्स्यौट हुन नसके त्यस्तो बैक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेश्की फर्स्यौट गर्नुपर्ने र त्यस्तो रकमको सयकडा दश प्रतिशत ब्याज समेत असुल उपर गर्नुपर्ने उल्लेख छ। त्यस्तै खरिद सम्झौताको विशेष शर्तमा ८० प्रतिशत म्याद भित्र सबै पेश्की फर्स्यौट हुनुपर्ने उल्लेख छ। सुरु सम्झौताको १८३ प्रतिशत म्याद थप भै सक्दा समेत रु.६५ लाख पेश्की बाँकी रहेको र पेश्की जमानतको म्याद २०८२।१२।३० सम्म रहेकोले उक्त पेश्की रु.६५ लाखको नियमानुसार ब्याज समेत असुल गरी फर्स्यौट गर्नुपर्दछ।

६७.६ **प्रगति तथा म्याद थप:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा कुनै कारणले म्याद थप हुन नसकेको खरिद सम्झौताको हकमा सम्बन्धित निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिम कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दावी नगर्ने प्रतिवद्धता सहित निबेदन दिएमा कार्य सम्पन्न गर्न लाग्ने थप अवधि यकिन गरी तथा कार्य सम्पादन जमानत, बिमा र पेश्की सम्बन्धि जमानतको अवधि सुनिश्चित गरी म्याद थप गर्न सकिने उल्लेखछ। संसोधित कार्यतालिका संलग्न नगरी निर्माण व्यवसायीले म्याद थपको लागि निबेदन पेश गरेको आधारमा कुनै कारण तथा प्राविधिक पुष्ट्याई बेगर पटक पटक कार्यपालिकाले निर्णय गरी २०८३।०३।३१ सम्म कार्य सम्पन्न गर्न म्याद थप भएको देखिन्छ। प्रारम्भिक म्यादबाट ३३ महिना अर्थात १८३ प्रतिशत म्याद थप हुदाँ समेत कार्य सम्पन्न नभई १४ औँ रनिङ बिल सम्म रु.६,४९,६५,६८४.०९ भुक्तानी भई ७८.५८ वित्तीय प्रगति भएको विवरण प्राप्त भएको छ। नियमावलीको व्यवस्था बमोजिम समयमा कार्य सम्पन्न गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

६७.७ **संसोधित कार्यतालिका:** निर्माण व्यवसायी र गाउँपालिका बिचभएको ठेक्का सम्झौताको विशेष शर्तमा हरेक ६० दिनमा कार्य प्रगति पेश गर्नुपर्ने अन्यथा रु.२५ हजार भुक्तानी रोक्का हुने व्यवस्था छ। निर्माण व्यवसायीले उक्त शर्त अनुसार प्रगति तथा संसोधित कार्यतालिका पेश गरेको देखिएन। पालिकाले शर्त बमोजिम कार्य प्रगति पेश नगरेवापत हरेक ६० दिनको ७५ हजारको दरले भुक्तानी हुने बिलबाट रकम कट्टा गर्नुपर्दछ।

६८ **रियाले मा. वि. भौतिक पूर्वाधार निर्माण:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार गर्दा सोको प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ।त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजित भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को कार्यविधि पुरा गरी भेरिएशन जारी गर्ने सकिने व्यवस्था रहेको छ।

ठेक्का नं.४-२०८१।८२ बाट लागत अनुमान २८,९६,१८६.४० भएको रियाले मा. वि. भौतिक पूर्वाधार निर्माण मिति २०८२।०३। १६ सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी आशिका निर्माण सेवासँग रु.१७,०४,७८५/- को सम्झौता भएकोमा यस वर्ष सम्म रु.१४,९२,३५८/- भुक्तानी भई ८३ प्रतिशत वित्तीय प्रगति भएको छ। निर्माण व्यवसायीसँग ट्रस वर्क ५४६८.९७ केजीको काम गर्ने गरी सम्झौता भएकोमा अन्तिम भुक्तानी सम्म ३१०१.११ केजीको काम भई २३६७.८६ केजीको काम बाँकी रहेको देखिन्छ। उक्त

बाँकी रहेको कामको मूल्याङ्कन प्रति केजी रु.१३० को दरले रु.३,४७,७१२/- अर्थात १९.३७ प्रतिशत रहेकोमा अन्तिम बिल भुक्तानी भएको जनाए पनि कार्य स्वीकार प्रतिवेदन तयार भएको देखिएन। वास्तविक भौतिक प्रगति ९० प्रतिशत भएको भए प्राविधिक पुष्ट्याई सहित भेरिएसन आदेश जारी गरी कार्य स्वीकार प्रतिबेदन तयार गर्नुपर्दछ।

६९ **मदाने जिपलाइन तथा स्काइ साइकल प्रोजेक्ट:**

गाउँपालिकाले २०८२।०३।२० भित्र मदाने जिपलाइन तथा स्काइ साइकल प्रोजेक्ट निर्माण सम्पन्न गर्ने गरी रु.८४,८१,४२६.६८ को लागत अनुमान तयार गरी ठेक्का नं.१५-२०८१/८२ बाट बोलपत्र आव्हान गरेकोमा निर्माण व्यवसायी अर्घ कन्स्ट्रक्सन सँग मिति २०८२।०१।३० मा रु.७४,२५,२९२.९९ को सम्झौता भई रु.७४,२३,४९२.८८ भुक्तानी भई कार्य स्वीकार गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन:

६९.१ **प्रोभिजनल सम:**

( ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६९.२ **सामग्री दाखिला र हस्तान्तरण:** संरचना निर्माण भएको उल्लेख गरी कार्य स्वीकार भएकोमा उक्त मदाने जिपलाइन तथा स्काइ साइकल प्रोजेक्ट खरिद कार्यबाट सेफ्टी उपकरणहरु जस्तै: डोरी, रेस्क्यु पुल्ली, साइकल सेट, सेफ्टी हेल्मेट प्राप्त भएकोमा सो प्रोजेक्ट हाल सम्म सञ्चालनमा नआउँदा सामग्रीको वारेन्टी अवधि सकिने, मर्मत सम्भार गर्नको लागि डि. एल. पि. अवधि सकिने अवस्था रहेको छ। खरिद कार्यबाट प्राप्त भएको सामग्री सुरक्षाको लागि कार्यालयको जिन्सी खातामा दाखिला गरी उक्त प्रोजेक्ट सञ्चालन गर्न आवश्यक कार्यविधि व्यवस्था सहित प्रोजेन्ट सञ्चालन र हस्तान्तरण गर्नुपर्दछ।

७० **रोल्मा लिस्ने पार्क निर्माण:**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा कुनै कारणले म्याद थप हुन नसकेको खरिद सम्झौताको हकमा सम्बन्धित निर्माण व्यवसायीले पेस गरेको कार्यतालिका बमोजिम कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याई र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाई संशोधित कार्यतालिका तथा म्याद थपका कारण सहित थप आर्थिक दावी नगर्ने प्रतिवद्धता गरी निबेदन दिएमा कार्य सम्पन्न गर्न लाग्ने थप अवधि यकिन गरी तथा कार्य सम्पादन जमानत, बिमा र पेश्की सम्बन्धि जमानतको अवधि सुनिश्चित गरी म्याद थप गर्न सकिने उल्लेख छ।त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा तोकिएको म्यादमा काम सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । ठेक्का नं.११-२०८१।८२ बाट रोल्मा तिखेचुली पर्यटन पुर्वाधार निर्माण मदाने-७ अन्तर्गत लागत अनुमान रु.४५,०१,९०२.१६ भएको रोल्पा लिस्ने पार्क निर्माण मिति २०८२।०३।२० सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी प्रथम इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सँग रु.२९,०२,२९६.५२ को सम्झौता भएकोमा दोस्रो रनिङ बिल सम्म रु.२१,८८,७५५/- भुक्तानी भई ७५.४१ प्रतिशत वित्तीय प्रगति भएको छ। निर्माण व्यवसायीसँग भएको सम्झौता अनुसार दोस्रो रनिङ बिल भुक्तानी हुदाँ सम्म स्यानिटरी वर्क, पेन्टिङ्ग वर्क, फ्लाग स्टोन वर्क तथा ब्रिक मेशिनरीको केही काम बाँकी रहेको तथा प्राविधिक पुष्ट्याई बेगर २०८३ अषाढ मसान्त सम्म म्याद थप भएको देखिन्छ। खरिद सम्झौता बमोजिम समयमै कार्य सम्पन्न गराउने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

७१ **औद्योगिक ग्राम भौतिक पूर्वाधार निर्माण:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्यको हकमा कम्तीमा ९० प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार गर्दा सोको प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ। ठेक्का नं.०५-२०७८।७९ बाट लागत अनुमान रु.१९१,९८,२४९.५४ भएको औद्योगिक ग्राम भौतिक पूर्वाधार निर्माण मिति २०७९।०७।०१ सम्म सम्पन्न गर्ने गरी निर्माण

व्यवसायी सौन्दर्य सँग रु.१,४४,४४,४४५.०३ को सम्झौता भई अन्तिम बिल सम्म रु.१,३०,०९,५४८.०५ भुक्तानी भएको देखियो। **लेखापरीक्षणको क्रममा म्याद थप तथा विशेष शर्त सहितको सम्पूर्ण सम्झौता पेस नभएबाट म्याद थपको विषय विश्लेषण गर्न सकिएन।** निर्माण व्यवसायीलाई अन्तिम बिल उल्लेख गरी रु.४,२४,१६५/- समेत कुल रु.१,३०,०९,५४८.०५ भुक्तानी भई ९० प्रतिशत वित्तीय प्रगती सहित अन्तिम बिल तयार गरिएको उक्त निर्माण कार्यको कार्य स्वीकार प्रतिबेदन जारी भएको देखिएन। नियमावलीको व्यवस्था अनुसार कार्य स्वीकार प्रतिबेदन तयार गर्नुपर्दछ।

७२ **बिमा:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवयायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गरिने मिति सम्म हुने हानी नोक्सानीको बीमा गराउनुपर्ने व्यवस्था छ। निम्न ठेक्काको लागि पि एस आइटममा बिमाको रकम व्यवस्था गरेता पनि पालिका र निर्माण व्यवसायीबीच भएको सम्झौता अनुसार निर्माण कार्यको बीमा गराएको देखिएन। खरिद नियम अनुसार सम्पूर्ण जोखिम बहन हुने गरी बीमा गराउने तर्फ ध्यान दिनुपर्दछ।

| ठेक्का नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १०-२०८१/८२ | **रोल्मा टिकाचुली पर्यटन पूर्वाधार** | २०००० |
| १३-२०७८/७९ | कन्काइ देउराली पर्यटन पूर्वाधार निर्माण | १०००० |
| ०५-२०८०/८१ | पंचमी पोखरी शैरे भोट मारा अग्लुङफेदी सडक निर्माण | २०००० |
| ०८-२०८०/८१ | सिसैनी वडा कार्यालय काफलेनी सेताभिर सिम पुर्कोट दह सडक | २०००० |
| ११-२०८१/८२ | रोल्पा लिस्ने पार्क निर्माण | २०००० |
| १२-२०८१/८२ | पंचमी पोखरी अग्लुङ फिल्ड निर्माण दोस्रो | २०००० |
| ७-२०८१।८२ | मेहेलपोखरी मा वि भौतिक पूर्वाधार निर्माण | २०००० |
| ६-२०८१।८२ | मेहेलपोखरी पंचम पोखरी अग्लुङ रोड | २०००० |
| १०-२०८०/८१ | रोल्मा वार्ड कार्यालय वडाचौर लोहरी रोड अपग्रेड | २०००० |
| ९-२०८१।८२ | Construction of Bahjkateri health post | २०००० |
| ०५-२०७८।७९ | औद्योगिक ग्राम भौतिक पूर्वाधार निर्माण | २३८०६० |
| | | |

७३ **थामकोट मन्दिर पुन निर्माण:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ अनुसार खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सृजित भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ को कार्यविधि पुरा गरी भेरिएशन जारी गर्ने सकिने व्यवस्था रहेको छ। त्यस्तै निर्माण व्यवसायीसँग भएको सम्झौताको जनरल कण्डिशन अफ कण्ट्याक्ट अनुसार सम्झौताको २ प्रतिशत र भेरियशन हुने आइटमको २५ प्रतिशत भन्दा वढी हुने भएमा पुनः लागत अनुमान तयार गरी निर्माण व्यवसायीसँग वार्ता गरी नयाँ वा थप कार्यको सम्झौता रकम निर्धारण हुने उल्लेख छ । ठेक्का नं.०८-२०८१।८२ बाट लागत अनुमान रु.२२,६१,०८९.७६ भएको बाजकटेरी कोट निर्माण मदाने-२ निर्माण मिति २०८२।०३।२० सम्म सम्पन्न गर्ने गरी निर्माण व्यवसायी विजय निर्माण सेवा एण्ड सप्लायर्ससँग रु.१६,४०,३७४.१२ को सम्झौता भई मिति २०८२।०३।१९ मा अन्तिम बिल समेत रु.१६,३३,४६५/- भुक्तानी भई कार्य स्वीकार भएको छ। उक्त ठेक्काको नापी किताबमा स्टोन मेशिनरीको काम १३५.३७ घनमिटर काम भएको भएता ६६.३९ घनमिटरकोमात्र कबोल दर रु.७१५० को दरले भुक्तानी दिई बाकि परिमाण ६८.९८ को लागि सोही निर्माण व्यवसायीसँग सोझै खरिद विधिबाट रु.१२,२००/- को दरले काम गराई रकम भुक्तानी गरेको छ। यसरी १०० प्रतिशत

भन्दा वढि परिमाण र कुल ठेक्का रकममा २ प्रतिशत भन्दा बढी फरक पर्ने आइटमको भेरिएसन गरी काम सम्पन्न गर्नुपर्नेमा बढी दरमा सोझै खरिद गरी बढी दरमा भुक्तानी गरेकोले नियमसम्म नदेखिएको रु.

| वढि परिमाण | ठेक्काको दर | सोझै खरिदको दर | वढि दर | वढि व्ययभार |
|---|---|---|---|---|
| ६८.९८ | ७१५० | १२२०० | ५०५० | ३४८३४९ |

| | |
|---|---|
| अनियमित भएको | ३,४८,३४९ |

७४ **माटो पुर्ने काम:**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **२८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४,५३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५ **बाझकटेरी स्वास्थ्य चौकी भवन निर्माण:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षमा खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले सङ्घीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । बाझकटेरी स्वास्थ्य चौकी भवन निर्माणको लागि विनियोजित रु.३६ लाख मध्ये भवन निर्माणको ठेक्का ९-२०८१।८२ को कार्य सम्पन्न भई रु.२७,६२,६०२/- भुक्तानी भए पश्चात बाँकी रहेको रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्नेमा भौचर नं.४३।२०८२।०३।२४ बाट रु.७ लाख बाझपोखरी स्वास्थ्य चौकीको खातामा निकासा गरेको देखिएकोले उक्त रकम संघीय संचितकोषमा फिर्ता दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,००,००० |

७६ **बढी लागत अनुमानबाट व्ययभार:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नर्म्स भए त्यस्तो नर्म्स बमोजिम लागत अनुमान गर्नुपर्ने व्यवस्था छ। पालिकाले पञ्चम पोखरी अग्लुङ्ग सडक मदाने १ र २ को लागत अनुमान तयार गर्दा पहिरो सोर्ने कामको लागि रु.५५.९० को दर प्रयोग गर्नुपर्नेमा माटो खन्ने नर्म्सको दर प्रयोग गरी रु.९,०६,६७८/- को लागत अनुमान तयार गरी वि विल्डर्स सँग रु.९,०२,०१६/- को सम्झौता गरेको छ। कार्यालयले निम्न योजनामा ढुंगा सहित पहिरो खसेको ठाउँमा पहिरो खनेर फाल्नु पर्ने भएकोले पहिरो फाल्ने नर्म्सको प्रयोग नगरी खन्ने र सोहर्ने कामको नर्म्सको प्रयोग गरेको जनाएको छ। पहिरो फाल्ने काम को दर र खन्ने र सोहर्ने कामको दर फरक हुने भएकोले कामको प्रकृति अनुसारको नर्म्स तयार गरी लागत अनुमानको आधारमा खरिद व्यबस्थापन गर्नुपर्दछ।

| योजनाको नाम | परिमाण | भएको लागत अनुमान दर रु. | हुनुपर्ने लागत अनुमान दर रु. |
|---|---|---|---|
| पञ्चम पोखरी अग्लुङ्ग सडक मदाने १ र २ | ५९४० | ७७.६४ | ५५.९० |

७७ **मूल्य अभिवृद्धि कर-**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१७,९३९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१९,३६२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

७८ **उपभोक्ता समितिः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

७८.१ • पालिकाले यो वर्ष विभिन्न २२० वटा निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई उपभोक्ता समितिको योगदान कटाई रु.३,२८,८३,३८३/- भुक्तानी दिएको छ ।

• उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

• पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन।

• उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, योजना अनुगमन समिति र कार्यालयको हो । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यसरी उपभोक्ता समितिहरुबाट निर्माण योजनाको गुणस्तरका बारेमा यकिन हुन सकिने अवस्था रहेन । उपभोक्ता समितिहरुले प्रयोग गरेका सामग्रीहरुको गुणस्तर परीक्षण गरेर मात्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

उपभोक्ता समितिको क्षमता, जनशक्ति, उपकरण लगायतका कारणले निर्माण कार्यको गुणस्तर कायम गर्न कठिनाई हुने हुँदा जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउनु उचित देखिदैन ।

७८.२ **प्राविधिक बिल :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।साथै नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

७८.३ **उपभोक्ता समितिको बिल भरपाई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो। उपभोक्ता समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो।नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन।यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको देखिएन ।

७८.४ **आइटम वाइज योगदान :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था छ। पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ।अत: नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य उपभोक्ताको योगदान हुनुपर्दछ।

७८.५ **हेभी इक्विपमेण्टको प्रयोग:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको तथा मुल्याङ्कन भएका सम्पूर्ण रकम निर्माण व्यवयायीको बिल पेश गरी भुक्तानी लिने गरेको पाइयो।नियममा भएको व्यवस्था वेगर उपभोक्ता समिति मार्फत कार्य गरउँदा हेभी इक्युपमेन्टको प्रयोग गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । उपभोक्ता समितिले हेभि इक्युपमेन्ट प्रयोग गरेको तथा निर्माण कार्यको मुल्याङ्कन रकम निर्माण व्यवसायीलाई दिएका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौचर नं. | योजनाको नाम | काम | निर्माण व्यवसायीको नाम | कार्यालयबाट भएको भुक्तानी | प्रयोगगरेको उपकरण | उपभोक्ता समितिले हेभि उपकरणमा गरेको खर्च |
|---|---|---|---|---|---|---|
| १३। २०८१।०८।२७ | घडेरी खेलमैदान निर्माण योजना | माटो खन्ने | विष्णुदेवीनिर्माण सेवा | २५०००० | डोजर | २३०२७० |
| ३१७। २०८२।०३।१८ | रियाले मावि खेल मैदान | माटो खन्ने | विष्णुदेवीनिर्माण सेवा | २००००० | डोजर | २४६३८० |
| २९०। २०८२।०३।१० | हरै प्रावि छाप सि मोटरबाटो योजना | माटो खन्ने | विष्णुदेवीनिर्माण सेवा | २१०८९३ | डोजर | २०४६२५ |
| ३२३। २०८२।०३।१८ | बसुन्धराहोल्वाङ्ग मोटरबाटो निर्माण योजना | माटो खन्ने | पुष्पाविल्डर्स एण्ड कम्पनी | ३००००० | डोजर | ३१६४०० |
| ४९। २०८१।१०।०४ | खडाल्नेखेल मैदान निर्माण योजना | माटो खन्ने | प्रिन्सनेपाल कन्स्ट्रक्सन | १२५००० | डोजर | १५४८१० |
| ४३। २०८१।०९।२९ | पाखराचौरप्रतिक्षाला सलिन धारा निम्राङ ्मोटरबाटो निर्माण योजना | माटो खन्ने | राम सिँह कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ४००००० | डोजर | ४९५४२४ |

७९ **नापी फरक परेको:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले निम्म बमोजिमको काममा नापी फरक पारी बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

| ठेक्कानं. | योजनाकोनाम | काम | निर्माण व्यवसायीको नाम | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| १३-०७८। ७९ | कन्काईदेउराली पर्यटन पूर्वाधार निर्माण | टोइलेट रटिकट घरको ब्रिक मेशिनरी १:६ सिल र लिन्टल नघटाएको | श्रेष्ठविल्डर्श | १.७४ | १६००० | २७८४० |
| ४-०८०। ८१ | रियाले मावि भौतिक पूर्वाधार निर्माण | मेशिनारीवाल निर्माण गर्दा सिल र लिन्टल नघटाएको | आशिकानिर्माण सेवा | २.६२ | १३५०० | ३५३७० |
| | | जम्मा | | | | ६३२१० |

| असुल गर्नुपर्ने | ६३,२१० |
|---|---|

८० **लागत सहभागिताः**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

८१ **१५ शैया अस्पताल निर्माणः**

( ✂ ….. कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-११** को निर्णयले रू **१,८८१,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

८२ **तारजाली खरिदः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१) मा सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले २५९-२०८२।२।२० मा तारजाली खरिदको लागि ग्रीन लिफ प्रालि लाई रू.१०,००,०००।– भुक्तानी गरेको देखिन्छ ।

| विवरण | संख्या | मू.अ.कर बाहेको रकम |
|---|---|---|
| २*१*१ | १२० | ४,२२,४००।- |
| १.५*१*१ | २१४ | ३,८०,१६०।- |
| जम्मा | २५२ | ८,०२,५६०।- |
| वितरण | २१४ | |
| बाँकी | ३८ | |

पालिकामा प्राप्त भएका जम्मा २५२ ग्याविन बक्सको PAMS मा इन्ट्री भएको देखिदैन । पालिकामा हाल ३८ वटा ग्याविन बक्स मात्र बाँकी रहेकोमा वितरण गरिएका २१४ थान तारजालीहरू समेत व्यक्तिगत रूपमा वितरण गरिएका छन् । पालिकाले तारजालीको सदुपयोग भएको सुनिश्चितता सहित प्राविधिक विश्लेषण र पुष्ट्याँईको आधारमा वितरण र जडान गरिएको अवलोकन प्रतिवेदनबाट दुरूपयोग कम गरी मितव्ययीता कायम गराउन ध्यान दिनुपर्ने देखिन्छ ।

८३ **विद्यालयको अनुगमन नियमन** -

स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मूल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन। जसवाट विद्यालय अनुगमन कार्य, शिक्षण सिकाइ कार्य प्रभावकारी रुपमा सञ्चालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ। साथै निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण पनि गरेको नदेखिएकोले सो तर्फ पनि पालिकाले ध्यान दिनु पर्दछ ।

८४ **विद्यार्थी सङ्ख्याको सत्यापन** -

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ ले तय गरेका कार्यक्रमहरु जस्तै: विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, स्यानिटरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ। विद्यालयबाट प्रविष्ट तथ्याङ्क (EMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी सङ्ख्या यकिन गर्नु पर्दछ। पालिकाले सत्यापन नगरी EMIS तथ्याङ्कको आधारमा तथा विद्यालयले माग गरेको आधारमा मात्र अनुदान दिएको देखिन्छ। यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भईसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ। पालिकाले विद्यार्थी संख्यालाई आधार मानि दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

८५ **राष्ट्रिय शिक्षा नीतिको कार्यान्वयन** -

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मूल्याङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ ।

पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापदण्ड तयार गरी अनुमगन मूल्याङ्कन र प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ: पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

८६ **माध्यमिक तह पूर्ण निशुल्क कार्यक्रम -**

मदाने गाँउपालिका छात्रवृत्ति तथा निःशुल्क शिक्षा व्यवस्थापन कार्यविधि, २०७९ को बुँदा २ (ग) मा विद्यालयले विद्यार्थीहरूले निःशुल्क पढेको सुनिश्चित गर्ने तथा सम्बन्धित विद्यालयमा अध्ययनरत विद्यार्थी एकिन गर्न विद्यालयबाट अभिलेख वा प्रमाणित प्रतिलिपि माग गर्ने व्यवस्था भएतापनि, पालिकाले उक्त कानुनी प्रावधानको पालना नगरी तपसिल बमोजिमका विद्यालयहरूलाई रु. ८,६९,५०० भुक्तानी गरेको छ । पालिकाले छात्रवृत्ति तथा निःशुल्क शिक्षाको व्यवस्थापन कार्यविधि २०७९ को बुँदा २ (ग) बमोजिम विद्यालयले विद्यार्थीहरूले निःशुल्क पढेको सुनिश्चित गरेको र अध्ययनरत विद्यार्थीहरूको प्रमाणित अभिलेख पेस गरेको यकिन गरी भुक्तानी गर्नुपर्दछ।

| क्र. सं | विद्यालयको नाम | अनुदान रकम रु. |
|---|---|---|
| १ | दिपक मा. वि मदाने - ७ | ४४००० |
| २ | रियाले मा. वि मदाने - ३ | ११०००० |
| ३ | पृथ्वि मा. वि मदाने -६ | ५३०२५० |
| ४ | बाँझकटेरी मा. वि मदाने -२ | १८५२५० |
| जम्मा | | ८,६९,५०० |

८७ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर-**

कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

८८ **विद्यालयको लेखापरीक्षण -**

पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ । पालिकाले विद्यालयको आ.व. २०८१।०८२ को लेखापरीक्षण खर्च वापत ४९ विद्यालयलाई निर्देशिका बमोजमिको रकम निकासा दिएको छ ।लेखापरीक्षणको क्रममा आ. व २०८०/८१ को लेखापरीक्षण प्रतिवेदन ४२ विद्यालयले मात्र पालिकामा वुझाएको र आ.व २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन वुझाउन सबै विद्यालयको वाँकी रहेको देखिन्छ। लेखापरीक्षणबाट कायम भएको व्यहोरा उपर पालिका र विद्यालयले आवश्यक कारवाही गर्ने गरेको समेत पाईएन । अत : पालिकाले समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गराई देखिएका व्यहोरा उपर आवश्यक कारवाही गरी सुधार गर्नुपर्दछ ।

८९ **शिक्षकको तलब भत्ता निकासा -**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा

निम्नानुसार छन्:

· **माग फारामको अव्यवस्थित अभिलेख:** विद्यालयहरूले पेश गर्ने माग फारामहरू व्यवस्थित तरिकाले चेकजाँच गरी राख्ने गरेको पाइएन। यसले गर्दा माग गरिएको रकमको यथार्थता पुष्टि गर्न सकिएन ।

· **अस्पष्ट तलबी पेरोल:** पालिकाले शिक्षकहरूको तलबी पेरोल यकिन हुने गरी व्यवस्थित तरिकाले राखेको पाइएन। यसले शिक्षकहरूको वास्तविक सङ्ख्या, पद, र प्राप्त गर्नुपर्ने तलब-भत्ताको स्पष्ट तथ्याङ्क अभाव भएको देखिन्छ।

· **निकासा खाताको अभाव:** शिक्षकको तलब भत्ता सम्बन्धी छुट्टै विद्यालयगत निकासा खाता नराखिएको कारण विद्यालयहरूलाई भएको निकासाको यकिन विवरण उपलब्ध नभएकोले निकासाको ट्र्याकिङ र अनुगमनमा जटिलता उत्पन्न भएको देखिन्छ ।

तसर्थ : उल्लेखित व्यहोरामा सुधार गरी घटी/वढी निकासा हुन नदिने व्यबस्था गरी त्यसको ब्यबस्थित अभिलेख राख्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

९० **प्रारम्भिक बालविकास सहजकर्ता -**

प्रारम्भिक बालबिकास कार्यक्रम संचालन सम्बन्धी निर्देशिका, २०६१ को दफा ८ अनुसार दिनको ४ घण्टा कक्षा सञ्चालन गर्नुपर्ने र प्रत्येक कक्षामा २५ जना सम्म बालबालिका राख्नुपर्ने व्यवस्था छ। त्यस्तै प्रत्येक सामुदायिक विद्यालयमा १ जना विद्यालय सहयोगिको लागि मासिक रु.८,०००/- अनुदान दिने व्यवस्था छ । तपसिल बोजिमका विद्यालयमा २५ जना बालबालिका वरावर १ सहजकर्ता राख्नुपर्नेमा २५ जना भन्दा कम बालबालिका भएको विद्यालयमा पनि १ भन्दा बढी सहजकर्ता राखेको पाईयो। प्रति सहजकर्ता प्रतिमहिना रु.९,०००/- का दरले निर्देशिका विपरित हुने गरी बढी सङ्ख्यामा सहजकर्ता नियुक्त गरी भुक्तानी दिनु मनासिव देखिएन यसमा सुधार गर्नुपर्दछ ।

| क्र.स | विद्यालयको नाम | बिद्यार्थी संख्या | सहजकर्ता संख्या | राख्नुपर्ने | बढी | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने | बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | दिपक मा. वि | ५ | २ | १ | १ | २१६००० | १०८००० | १०८००० |
| २ | बालबोध प्रा .वि | ७ | २ | १ | १ | २१६००० | १०८००० | १०८००० |
| जम्मा | | | | | | | | २,१६,०००/- |

९१ **प्रतिविद्यार्थी लागत अनुदान –**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **२५७,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-२** को निर्णयले रू **१०,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९२ **दिवा खाजा -**

आर्थिक वर्ष २०८१।८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाको लागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकेको छ । त्यसै गरी उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने र विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल ४९ विद्यालयका लागि दिवा खाजा बापत रु.८४,६८,४६०/- निकासा गरेको पाइयो। यसरी निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै निकायबाट अनुगमन हुने गरेको देखिएन । सो अनुसार नगर्दा उपलव्ध गराएको लगानीको सही

सदुपयोग भएको छ छैन एकिन हुन सकेन ।उपलब्ध गराएको रकमको खर्च सम्बन्धमा अनुगमन गरी सहि सदुपयोगको सुनिश्चितता गर्नु पर्दछ ।

९३ **दिवा खाजामा बढी अनुदान -**

आर्थिक वर्ष २०८१।८२ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिकाको २.७.११.१ को (छ) मा सङ्घीय सशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरित गर्दा राष्ट्रिय स्तरमा देखिने अनुपस्थित दर, विद्यालय छाड्ने दर लगायतलाई आधार मानि औसत रुपमा प्रति विद्यार्थी वार्षिकरुपमा १८० दिनका दरले उपलब्ध गराउने व्यवस्था भएकोमा पालिकाले तपसिलबमोजिमका विद्यालयलाई १८० दिन भन्दा बढी हुने गरी खाजा बापत रकम निकास गरेको पाइयो ।विद्यालय १८० दिन भन्दा बढी खुलेको कारण बढी भुक्तानी हुन गएको पालिकाको भनाई रहेको छ ।निर्देशिकाले व्यवस्था गरे विपरित अनुदान निकासा भएकोले १८० दिन भन्दा वढी विद्यालय खुली अध्ययन भएको भए प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल भुक्तानी भएको निम्न बमोजिमको रकम असुल गर्नुपर्ने रु.

| क्र. स | विद्यालयको नाम | EMIS अनुसार विद्यार्थी सङ्ख्या | रु.१५ का दरले १८० दिनको हुने रु. | निकासाभएको रु. | बढी निकासा रु. |
|---|---|---|---|---|---|
| १ | कन्केदेउराली आ. वि | २७२ | ७३४४४० | ८६४२२५ | १२९८२५ |
| २ | बालविकास आ. विमदाने -२ | १२६ | ३४०२०० | ३७५९९० | ३५७९० |
| ३ | पृथ्वी मा. वि मदाने -६ | १३६ | ३६७२०० | ४३५४०५ | ६८२०५ |
| जम्मा | | | | | २,३३,८२० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३३,८२० |

९४ **स्यानिटरी प्याड** - (१२८-2081-11-20):

सार्वजनिक खरिद नियमावली, २०६४ को ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ पालिकाले सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यकालागि भुसाल ट्रेड एण्ड सप्लायर्सबाट रु.३०.३५ का दरले १८००० स्यानिटरी प्याड रु.६,१८,३१९ मा खरिद गरी भुक्तानी गरेको पाईयो ।स्यानीटरी प्याड (बितरण तथा व्यबस्थापन) कार्यविधि,२०७६ बमोजिम खरिद गरेका प्याडहरु तोकिएबमोजिमको स्पेसिफिकेसन भएको हुनुपर्ने, बितरण गर्ने बिद्यालयले नाम नामेसी सहितको अभिलेख राख्नु पर्नेमा सो अनुसार तोकिएबमोजिमको स्पेसिफिकेसन भए/नभएको सम्बन्धमा गुणस्तर परीक्षण नगरेको तथा बिद्यालयले स्यानिटरी प्याड वितरण गरेको अभिलेख राखेको देखिएन । कार्यविधिको पालना गरी व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

९५ **प्राविधिक धारको विद्यालय -**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/०८२ को क्रियाकलाप नं.२.७.१३.५० मा प्रति विद्यार्थी लागत अनुदान अन्तर्गत प्राविधिक धारमा संचालन भएका विद्यालयमा कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीको संख्या यकिन गरी प्रतिविद्यार्थी रु.१५,०००/- को दरले हुन आउने रकम एकमुष्ट विद्यालयलाई अनुदान दिने र उक्त रकमबाट विद्यालयले प्राथमिकताका आधारमा खर्च गर्ने तथा OJT मा सहभागि हुने विद्यार्थीका लागि प्रति महिना १ हजारको दरले रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउने उल्लेख छ । पालिकाले पृथ्वी मा.वि. मा अध्ययनरत ७६ जना विद्यार्थिको लागि रु.१५,०००/- को दरले जम्मा रु.११ लाख ४० हजार निकासा गरेकोमा विद्यालयले OJT मा सहभागि विद्यार्थीलाई मासिक रुपमा रु. १ हजारको दरले बैंक खातामा दाखिला नगरी भरपाई गरी विद्यार्थिलाई बुझाएको देखियो ।कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेबमोजिम बैंक खातामा दाखिला गरी कार्यान्वयन पुस्तिकाको पूर्ण पालना गर्नुपर्दछ ।

९६ **प्राविधिक विद्यालय अनुदान -**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं.२.७.१३.१० को ५.१२ मा प्राविधिक धारका विद्यालयका लागि प्रयोगशालाको स्तरोन्नति गर्न प्रति विद्यालय रु.२ लाख रकम उपलब्ध गराउने र विद्यालयले नियमितरुपमा ल्याब सञ्चालन गर्न मर्मत, सम्भार एंव सामग्रीको व्यवस्था गरी शिक्षक एंव विद्यार्थीको प्रयोगको व्यवस्था मिलाउने उल्लेख छ । उक्त व्यवस्था बमोजिम पालिकाले पृथ्वी मा. वि. लाई रु. २ लाख अनुदान उपलब्ध गराएकोमा विद्यालयले नियमितरुपमा ल्याब सञ्चालन गर्न मर्मत, सम्भार गर्ने एंव सामग्री खरिद गर्नुपर्नेमा दराज, टेबल, कुर्ची पर्दा लगायतका सामग्री खरिद गरेको पाईयो ।यस सम्बन्धमा अन्यत्र प्रयोगको लागि नभई ल्याब कोठामा प्रयोगको लागि नैं सामग्रि खरिद गरेको पालिकाको भनाई रहेको छ । कार्यक्रम कार्यान्वयन कार्यविधिले व्यवस्था गरेबमोजिम प्राप्त भएको अनुदानलाई सोही बमोजिम खर्च गर्नुपर्दछ ।

९७ **सामुदायिक सिकाई केन्द्र** -

कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं. २.७.१३.१० मा नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरीक्षण गरी वार्षिक साधारण सभा भएको, विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको , साधारण सभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको, गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु.३ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले बार्षिक कार्ययोजना तथा प्रगती प्रतिवेदन र माग फारामका आधारमा पुर्कोट सामुदायिक सिकाई केन्द्रहरुलाई रु.५ लाख अनुदान उपलब्ध गराएको पाईयो ।कार्यान्वयन पुस्तिकाले व्यवस्था गरे बमोजिमका अनुदान उपलब्ध गराउनुपर्नेमा उक्त व्यवस्था विपरित हुने गरी रु.२ लाख बढी अनुदान उपलब्ध गराएको हुँदा अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

९८ **स्मार्ट कक्षा निर्माण** – (३६-2081-12-07):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।पालिकाले स्मार्ट कक्षा निर्माणका लागि ५ वटा Interactive board कोडरेन वेव डेभलपमेन्ट सेन्टरबाट खरिद गरी रु.९,९४,४०० भुक्तानी गरेको छ ।उक्त कार्यका लागि भएको सम्झौतामा १ वर्ष वारेन्टी हुनुपर्ने उल्लेख भएकोमा वारेन्टी कार्ड पेस नभएको, स्पेशिफिकेशन अनुसार भए नभएको सम्बन्धमा चेकजाँच नभएको, कार्यसम्पन्न प्रतिवेदन तयार नभएको र विद्यालयले दाखिला गरेको प्रमाण पेस भएको देखिएन । सम्झौतामा उल्लेखित १ वर्षको वारेन्टी कार्ड, स्पेसिफिकेशन अनुसार कार्य भए नभएको चेकजाँच प्रतिवेदन, कार्यसम्पन्न प्रतिवेदन र विद्यालयले जिन्सी दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-५** को निर्णयले रू **९९४,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

९९ **आईसिटी ल्याब व्यवस्थापन** -

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरले सबै स्थानीय तहहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत विद्यालयहरुमा स्थापना हुने आइसिटी ल्याव प्रणालीको लागि स्पेसिफिकेशन तयार गरी परिपत्र गरेको छ । सोही अनुसार यस कार्यक्रम अन्तर्गत खरिद गरी स्थापना गरिने कम्प्युटर तथा सूचना प्रविधिजन्य उपकरणहरुको स्ट्याण्डर्ड र स्पेसिफिकेशन हुनुपर्दछ । पालिकाबाट यस वर्ष सञ्चालित आ.ई.सि.टी र पुस्तकालय कार्यक्रम अन्तर्गत बालविकास आधारभुत विद्यालय, मदाने र धाराचौर आधारभुत विद्यालय, मदानेले रु. ३,२५,०००/- का दरले दुई विद्यालयको रु.६,५०,०००/- खर्च गरी खरिद गरिएका उपकरणहरु उक्त मापदण्ड अनुरुप भए नभएको निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । अतः केन्द्रले तोके बमोजिम स्पेसिफिकेशनको आधारमा दररेट लिने तथा खरिद गरिएका उपकरणहरु उल्लिखित मापदण्ड बमोजिम भएको सुनिश्चितता हुनुपर्दछ ।

१०० **करारमा कर्मचारी नियुक्ति** -

स्थानीय तहबाट सञ्चालन हुने स्वास्थ्यतर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरू सञ्चालनसम्बन्धी मार्गदर्शन २०८१/८२ ले स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा आयुर्वेद औषधालयमा कार्यरत स्थायी कर्मचारीहरूका लागि स्वीकृत दरबन्दीअनुसारको तलब, महँगी भत्ता र पोसाक भत्ता शीर्षकबाट भुक्तानी गर्न सकिने व्यवस्था गरेको छ। यसमा स्वीकृत दरबन्दीअनुसारका स्थानीय तहको स्वास्थ्य सेवामा कार्यरत कर्मचारी, कार्यालय सहयोगी र दरबन्दीमा रहेका करारका कार्यालय सहयोगीलाई तलब भत्ता मात्र भुक्तानी गर्न मिल्ने देखिन्छ।तर, पालिकाले स्वीकृत दरबन्दीमा स्थायी पदपूर्ति नभएको भन्दै ४ जना हेल्थ असिस्टेन्ट, १ जना स्टाफ नर्स, १२ जना अहेव र ९ जना अनमीलाई करारमा नियुक्त गरी वार्षिक रूपमा ११,२३९,६९६/-भुक्तानी गरेको छ। पालिकाले मिति २०८०/८/१४ मा पदपूर्तिका लागि लोकसेवामा माग पठाएकोमा लोकसेवाबाट पदपूर्ति भइनसकेको कारण सेवालाई प्रभावित हुन नदिन करारमा नियुक्त गरेको पालिकाको भनाई रहेको छ ।पालिकाले मार्गदर्शनको पूर्णरुपमा पालना गर्दै पालिकाले स्वीकृत दरबन्दीअनुसार स्थायी पदपूर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु पर्दछ।

१०१ **फरक शिर्षकमा खर्च -**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) बमोजिम नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको उपयोग गर्दा तोकिएका शर्तहरूको अनिवार्य पालना गर्नुपर्नेहुन्छ। आर्थिक वर्ष २०८१/८२ मा स्थानीय तहबाट सञ्चालन गरिने स्वास्थ्य सम्बन्धी सशर्त अनुदानको मार्गदर्शन अनुसार स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा आयुर्वेद औषधालयमा कार्यरत स्थायी कर्मचारीहरू र स्वीकृत दरबन्दीमा रहेका करारका कार्यालय सहयोगीहरूलाई तलब, महँगी भत्ता र पोसाक भत्ता मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ। तर, पालिकाले उक्त अनुदान तपसिल बमोजिमका अन्य शीर्षकहरूमा समेत खर्च गरेको पाइएको छ। गत वर्ष यसै शीर्षकमा प्रशासनिक खर्चसमेत जोडिएर आउने गरेकोमा यस वर्ष नआए पनि अनिवार्य खर्चगर्नुपर्ने भएकाले सोही शीर्षकबाट खर्च गरिएको पालिकाको भनाई छ। तर, यसरी फरक शीर्षकमा प्रशासनिक खर्च लेख्ने आधार प्रमाण पेश गरी नियमित गर्नुपर्ने रु.

| क्र स | गो भौ नं र मिति | खर्च विवरण | खर्च रकम रु. |
|---|---|---|---|
| १ | १०४,२०८१/९/४ | स्टेशनरी र खाजा खानामा खर्च | ५६०७० |
| २ | ११८,२०८१/१०/२८ | प्रशासनिक खर्च | ५६४९८ |
| ३ | १३२,२०८१/११/२२ | प्रशासनिक खर्च | ३९१५० |
| ४ | १६५,२०८२/१/८ | प्रशासनिक खर्च | २०३०९ |
| ५ | २४८,२०८२/३/३ | फिल्ड भत्ता | ४२७६८ |
| ६ | २४९,२०८२/३/३ | प्रशासनिक खर्च | ६०००० |
| ७ | २५७,२०८२/३/६ | प्रशासनिक खर्च | २५८८० |
| ८ | २६८,२०८२/३/६ | फिल्ड भत्ता | ४३२०० |
| ९ | २६९,२०८२/३/६ | प्रशासनिक खर्च | २०८५० |
| १० | २८५,२०८२/३/९ | रात्रिकालिन ड्युटी भत्ता | ५४७५० |
| ११ | २८८,२०८२/३/९ | प्रशासनिक खर्च | ६०००० |
| १२ | २९१,२०८२/३/१० | फिल्ड भत्ता | ४३२०० |
| १३ | २८२,२०८२/३/८ | फिल्ड भत्ता | ४३२०० |
| १४ | ३४५,२०८२/३/१८ | प्रशासनिक खर्च | ६०००० |
| जम्मा | | | ६,२५,८७५ |

| अनियमित भएको | ६,२५,८७५ |
|---|---|

१०२ **न्यानो झोला** -

स्थानीय तहको कार्यक्रम सञ्चालन मार्गदर्शन ,२०७८ ले न्यानो झोला आपूर्ति भै सकेपछी स्पेसिफिकेसन अनुसार गुणस्तर भए नभएको एकीन गरी गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । यस पालिकाले मातृ तथा नवशिशु कार्ययक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमबाट रु.८९७.२२ का दरले २५० वटा न्यानो झोला रु.२,२४,३५० मा खरिद गरेको पाईयो ।पालिकाले खरिद गरेका न्यानो झोला स्पेशिफिकेशन र गुणस्तर बमोजिमका थिए / थिएनन खुल्ने प्रमाण संलग्न नरहेकोले खरिद गरिएका न्यानो झोलाको गुणस्तर सम्वन्धमा सुनिश्चित हुने आधार रहेन । साथै न्यानो झोला बितरण गरी उपयोग गरेको सुनुश्चित हुने प्रमाण कागजात समेत रहेका पाइएन । यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सम्बन्धित सबैको ध्यान जान आबश्यक देखिन्छ ।

१०३ **बेबी वार्मर** -

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले सत्यम सर्जिकलबाट रु. ८६,००० प्रतिवटाको दरले रु. ३,८८,७२० मा खरिद गरिएका ४ वटा बेबी वार्मरहरू पालिकामा नै थन्किएको पाइएकोले, सार्वजनिक स्रोतको सदुपयोग सुनिश्चित गर्न कुनै पनि सामग्री खरिद गर्नुअघि त्यसको आवश्यकता, औचित्य र प्रयोगको योजना स्पष्ट पार्दै, खरिदपश्चात तत्काल कार्यान्वयनमा ल्याउने गरी व्यवस्थापन गर्नुपर्दछ।

१०४ **औषधी खरिद** –

पालिकाले यस वर्ष रु.२४ लाखको औषधी खरिद गरेको विवरण पेस भएको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

· औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेस नभएको,

· आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको चेकजाँच नभएको,

· औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

· औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको,

· पालिकाले खरिद गरेका र अन्य निकायबाट प्राप्त औषधीहरु मातहतका स्वास्थ्य इकाईहरुमा पठाउने गरेकोमा औषधीको खपत गरिसक्नुपर्ने अवधीमा उपभोग भए/ नभएको अनुगमन मूल्याङ्कन नगरेको ।

तसर्थ: औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधीहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१०५ **अनुदान भुक्तानी** -

स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ को बुँदा नं. २४ मा कुल लागतको पूर्वधार तर्फ र पोल तथा तारमा अधिकतम ७५ प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले तपसिल बमोजिमका कृषि तथा पशुपन्छी फर्मलाई पूर्वधार निर्माण र पोल तथा तारमा अनुदान दिँदा कार्यविधिले तोकेभन्दा भन्दा बढी अनुदान दिएको हुँदा बढी भएको अनुदान रकम सम्बन्धित फर्मबाट असुल गर्नुपर्ने रु.

| क्र. सं. | गो भौ नं. र मिति | भुक्तानी पाउने फर्मको नाम | कार्यसम्पन्न रु. | ७५ प्रतिशतले हुने रकम | भुक्तानी भएको रु. | बढी रु. |
|---|---|---|---|---|---|---|
| १ | ९,२०८२/३/१५ | सेन ठकुरी कृषक तथा पशुपन्छी फर्म मदाने-७ | ६१६४९१ | ४६२३६९ | ४९०००० | २७६३१ |
| ३ | १२,२०८२/३/१९ | लालिगुरास फलफुल कृषक समुह मदाने ६ | ४९४२६५ | ३७०६९९ | ३९२००० | २३५६६ |
| ४ | १४,२०८२/३/२१ | गमल पोखरी बहुउद्देश्यीय कृषक फर्म मदाने ६ | २०४०५६ | १५३०४२ | १५७००० | ३९५८ |
| जम्मा | | | | | | ५५१५५ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **४,३५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२०** को निर्णयले रू **८,२६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,१५५ |

१०६ **साझा सुविधा केन्द्र स्थापना** -

गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७, को बुँदा नं. ३२ मा उद्यमीले अति गरिबीको कारण लघु उद्यम स्थापना गर्न आफ्नो निवास स्थापनाभै पर्याप्त स्थान उपलब्ध नभएका र वित्तीय सेवामा पहुँच नभएका तर उद्यम गर्न इच्छुक लघु उद्यमीहरुको सङ्ख्या दश भन्दा बढी रहेका भौगोलिक क्षेत्र वा समुदायमा त्यस्ता लघु उद्यमीबाट कुनै वस्तुको उत्पादन प्रशोधन बजारीकरण र सो सँग सम्बन्धित कुनै सेवा प्रदान गर्न कम्तिमा एउटा साझा सुविधा केन्द्र उद्यम घर स्थापना गर्न सक्ने उक्त कार्यको लागि उद्यम घर बनाउन आवश्यक जग्गा छ, छैन, उद्यम घर बनेपछि उद्यमीको उत्पादन, कच्चा पदार्थको प्रयोग, रोजगारी र आम्दानीमा कति वृद्धि हुन्छ र उद्यम घरको व्यवस्थापन कसरी हुन्छ साथै नि:शुल्क रुपमा जग्गा तथा भवन उपलब्ध नभएमा कम्तीमा दश वर्षका लागि साझा सुविधा केन्द्र उद्यम घरको भाडामा भएको सम्झौता हुनुपर्ने जस्ता विषयमा सम्भाव्यता अध्ययन गराउनु पर्ने उल्लेख भएकोमा उक्त प्रकृया बगेर पालिकाले साझा सुविधा केन्द्र स्थापना गरी साझा सुविधा केन्द्र निर्माण उपभोक्ता समितिलाई रु.४,९३,९१४/- भुक्तानी गरेको छ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

**निर्देशिकाको पालना** -गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ को बुँदा नं. ३२ मा स्पष्ट रूपमा साझा सुविधा केन्द्र (उद्यम घर) स्थापना गर्नुअघि सम्भाव्यता अध्ययन गराउनुपर्ने व्यवस्था छ। पालिकाले उक्त निर्देशिकाको पूर्ण पालना नगरी सम्भाव्यता अध्ययनबिनै सीधै निर्माण कार्य अगाडि बढाएको देखिन्छ। यसर्थ, भविष्यमा यस्ता कार्यक्रमहरू सञ्चालन गर्दा सम्बन्धित निर्देशिकाका सम्पूर्ण प्रावधानहरूको पालना गर्नुपर्दछ।

**सम्भाव्यता अध्ययनको आवश्यकता र औचित्य पुष्ट्याइँ** -उद्यम घर निर्माणका लागि आवश्यक जग्गाको उपलब्धता, उद्यमीको उत्पादन, रोजगारी, आम्दानीमा हुन सक्ने वृद्धि, कच्चा पदार्थको प्रयोग, र उद्यम घरको व्यवस्थापन जस्ता महत्त्वपूर्ण पक्षहरूमा सम्भाव्यता अध्ययन हुनु अनिवार्य छ। यसले कार्यक्रमको औचित्य, दिगोपना र लक्षित वर्गमा पर्ने वास्तविक प्रभावको मूल्याङ्कन गर्छ। पालिकाले हालसम्म गरिएको खर्चको औचित्य पुष्टि गर्न र भविष्यमा यस्ता त्रुटि दोहोरिन नदिन, परियोजनाको सम्भाव्यता अध्ययन तत्काल गराई त्यसको प्रतिवेदन तयार गर्नुपर्दछ।

**जग्गा/भवन सम्झौताको वैधानिकता र अवधि पुष्ट्याइँ**-निर्देशिकाअनुसार निःशुल्क जग्गा तथा भवन उपलब्ध नभएमा कम्तीमा दश वर्षका लागि साझा सुविधा केन्द्र (उद्यम घर) को भाडामा भएको सम्झौता हुनुपर्छ। हालको अवस्थामा यस्तो सम्झौता भए नभएको स्पष्ट छैन। पालिकाले सम्झौताविहीन अवस्थामा निर्माण खर्च भुक्तानी गरेको छ । यो आर्थिक जोखिम हो। यसर्थ, यथाशीघ्र जग्गा/भवनको वैधानिक उपलब्धता (निःशुल्क प्राप्ति वा कम्तीमा दश वर्षको भाडा सम्झौता) सुनिश्चित गरी त्यसको प्रमाण अभिलेखमा राख्नुपर्छ।

**कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन**- सम्भाव्यता अध्ययनबिना सीधै निर्माण कार्यमा जानुले कार्यक्रमले लक्षित उद्देश्य हासिल गर्छ वा गर्दैन भन्नेमा प्रश्न उठेको छ। रु. ४,९३,९१४ को भुक्तानी पश्चात पनि उद्यम घरले वास्तविक रूपमा लघु उद्यमीहरूलाई सेवा दिन सकेको छ वा छैन भन्ने बारेमा अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्नुपर्दछ। यदि सेवा प्रवाह हुन नसकेको अवस्था भएमा, त्यसको कारण पत्ता लगाई सुधारका उपायहरू अवलम्बन गर्नुपर्दछ।

१०७ **एकिन नभएको** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित तपसिलबमोजिम योजना लागि आवश्यक निर्माण सामग्री (ढुंगा, गिट्टी, बालुवा) ढुवानीका लागि पालिकाको पुँजिगत शिर्षकबाट उपभोक्ता समितिलाई भुक्तानी भएको देखिन्छ। तर, सोही कामको लागि पुन: ज्यामीले ढुंगा, गिट्टी, बालुवा बोकेको भनी ज्याला बापतको रकम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भुक्तानी भएको देखियो ।यस सम्बन्धमा पालिकाले दोहोरो भए/नभएको एकिन गरेर मात्र खर्च लेख्ने प्रचलन हुनुपर्दछ ।

| क्र.सं. | गो. भौ. नं. र मिति | भुक्तानी पाउनेको नाम | ढुवानीको लागि ज्यालामा भुक्तानी भएको रु. | ट्याक्टरबाट ढुवानी वापत भुक्तानी रु. |
|---|---|---|---|---|
| १ | २८२,२०८२/३/४ | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि निर्माण सामग्री खरिद उ. स वडा नं. ३ | २१९०६ | ४१००० |
| २ | २७२,२०८२/२/२८ | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि निर्माण सामग्री खरिद उ. स वडा नं. २ | ५५६८२ | ४९००० |
| जम्मा | | | ७७,५८८ | ९०,०००/- |

१०८ **प्रधानमन्त्री रोजगार कार्यक्रम** –

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्न छन ।

· सूचिमा समावेश भएका श्रमिकलाई प्राथमिकिकरण गरे पनि सो अनुसार पूर्ण रुपमा कार्यान्वियन भएको छैन ।

· १०० दिनको रोजगारी सिर्जना गर्ने उद्देश्य रहेकोमा सो हुन नसकी ३५ देखि ९५ दिन सम्मको मात्र रोजगारी प्राप्त गरेको पाईयो ।

· पूर्वाधार एवं अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् ।

यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडकमर्मत, नाली निर्माण, पोखरी निर्माण, ताल निर्माण र पर्खाल निर्माण लगायतका २४ वटा योजना तथा कार्यक्रम सञ्चालन गरी यस वर्ष १४४ जनालाई रोजगारी उपलव्ध गराई रु. ४०,१९,३५६ खर्च गरेको छ । यसरी गरेको खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिँदैन ।यसमा सुधार र व्यबस्थित गर्नका लागि सरोकारवाला सवैको ध्यान जानु पर्ने देखिन्छ ।

१०९ **सामाजिक सुरक्षाः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन :

**भत्ता निकासा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रूपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरूको खातामा दाखिला गर्न पहिलो, दोस्रो, तेस्रो र अन्तिम चौथो त्रैमासिक गरी जम्मा रू.११ करोड ५ लाख ७१ हजार ६७८ बैंकमा निकासा गरेको देखिन्छ । नियमावलीमा व्यवस्था

भएको समय सीमाभित्र रकम बैंकमा पठाएको देखिएन। नियमावलीले तोकेको समयावधिभित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

**हिसाब मिलान** - सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामार्फत भुक्तानीको लागि कार्यालय र बैंक बिच भएको सम्झौता बमोजिम बैंकबाट लाभग्राहीको खातामा जम्मा भई बाँकी रकम १५ दिनभित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ । बैंकले विभिन्न त्रैमासिकको रकम भुक्तानी समयमै फिर्ता गरी कार्यालयले आम्दानी जनाएको पाइएन। आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो। सम्झौता कार्यान्वियनमा जिम्मेवार हुनु पर्दछ।

**लगत कट्टा फिर्ता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ दफा ११ मा लाभग्राहीको मृत्यु भई घटना दर्ता गर्दा लाभग्राहीको विवरण समेत लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भएका लाभग्राहीको खातामा सो अवधि पछिको रकम निकासा दिन मिल्दैन । यस पालिकाको मृत्यु दर्ता अभिलेख, लगत कट्टा र निकासाको विवरण प्राप्त हुन नसकेकोले पालिकाले यकीन गरी आवश्यक कारवाही गर्नुपर्ने देखिन्छ ।

११० **राजश्व दाखिला:**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २७ (१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन र सोही दिन सम्भव नभएमा भोलिपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐनको दफा २७(४) अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा तीन दिनभन्दा बढी अवधि ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका कार्यालय अन्तर्गत ७ वटा वडाले प्राप्त गरेको (वार्षिक कूल संकलन रू.१७,१०,२०५।-) राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैङ्कमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।

१११ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.८ लाख ३० हजार ८९० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | स्थानीय तह एक अस्पतालको अवधारणा सहित नेपाल सरकारले स्थानीय तहहरूमा ५,१० र १५ शैया क्षमताको अस्पतालहरूको निर्माण गर्ने योजना अनुरूप २०७७ मंसिर १५ मा एकैसाथ देशभरका विभिन्न स्थानीय तहमा शिलान्यास गरिएको थियो । यस पालिकामा १५ शैया अस्पताल निर्माणको लागि लागत अनुमान रू.१८,६०,३५,९३७।३९ रहेको यस अस्पतालको सम्झौता अङ्क रू.१२,४८,२९,०७७।२६ भएकोमा २०७८।१।२१ बाट सुरू गरी सम्पन्न गर्नुपर्ने म्याद २०७९।१२।१६ मा रहेको देखिन्छ । अस्पतालको हालसम्मको भुक्तानी रू.७,२३,३२,४६४।४९ अर्थात् वित्तीय प्रगति ५८ प्रतिशत् देखिएकोमा भौतिक प्रगतिको विवरण प्राप्त हुन सकेन । वित्तीय प्रगति ५८ प्रतिशत भैसक्दासमेत हालसम्म मोविलाइजेशन पेश्की कट्टी रू.१६,६७,९५३।५१ (कुल पेश्कीको ६.६७ प्रतिशत) मात्र भएको देखिन्छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विलबाट भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताव (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिल भुक्तानी गर्न सकिने व्यवस्था छ । पालिकाले उक्त अस्पताल निर्माण कार्यको लागि IPC7 बाट रू.७५,३९,१४९।८६ भुक्तानी भएकोमा ठेक्का रनिङ्ग बिल र नापी किताव अनुसार देहायका ४ वटा आइटममा नापी फरक पर्न गई बढी भुक्तानी भएको छ । | २,१०,००० |

| आइटम | दर | नापी किताव अनुसार | | भुक्तानी भएको | | बढी भुक्तानी भएको | |
|---|---|---|---|---|---|---|---|
| | | परिमाण (घ.मी.) | रकम | परिमाण (घ.मी.) | रकम | परिमाण (घ.मी.) | रकम |
| Plain cement PCC M20(1:3:6) | १४०० | १४.८८ | १५३३०० | २९.८८ | ४१८३२० | १५ | २१०००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : मदाने गाउँपालिका, गुल्मी , मदाने गाउँपालिका , गुल्मी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | शालिकराम पन्थी | २०७९-४-२३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Tara Bhattarai | २०७८-१२-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २२३,६६५ | १,९११,३४० | ४,५२०,३५७ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,६५५,३६२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ३,५५७,८१२ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | २१०,००० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३,३०७,५५० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ९१३५२८३४.०५ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३३४३३४८० | चालु खर्च | ३२०१९८५५०.८२ |
| प्रदेश सरकारबाट अनुदान | २४५८०००० | पूँजीगत खर्च | १४१७८८४४१.५ |
| राजश्व बाँडफाँट | ८६७९४७५१.३७ | वित्तीय/अन्य व्यवस्था | १६९३२६८५५.४६ |
| आन्तरिक आय | ३७८०१९६.६७ | | |
| अन्य आय | १६०४३६६३६.२४ | | |
| कुल आय | ६०९०२५०६४.२८ | कुल खर्च | ६३१३१३८४७.७८ |
| बाँकी मौज्दात | | ६९०६४०५०.५५ | |

अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| म.ले.प.फा.नं. २७०-०१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ प्रदेश : लुम्बिनी प्रदेश जिल्ला : गुल्मी स्थानीय तह : मदाने गाउँपालिका, गुल्मी | | | | | | | | |
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ११,३२,००,७३५.६० | ० | ११,३२,००,७३५.६० | १२,५८,६७,६४१.३० | ० | १२,५८,६७,६४१.३० |
| १३००० | अनुदान | | ३४,४५,८४,४६४.९० | ० | ३४,४५,८४,४६४.९० | ३४,०७,६२,९८४.९७ | ० | ३४,०७,६२,९८४.९७ |
| १४००० | अन्य राजस्व | | २८,२६,२०५.४२ | ० | २८,२६,२०५.४२ | २०,७६,४७१.५६ | ० | २०,७६,४७१.५६ |
| १५००० | विविध प्राप्ति | | २,१०,८८५.०० | ० | २,१०,८८५.०० | ६,४१,३८५.०० | ० | ६,४१,३८५.०० |
| क | कुल जम्मा प्राप्ति | | ४६,०८,२२,२९०.९२ | | ४६,०८,२२,२९०.९२ | ४६,९३,४८,४८२.८३ | | ४६,९३,४८,४८२.८३ |
| ३ | चालु | | ३२,०२,३५,४८७.८२ | ० | ३२,०२,३५,४८७.८२ | २९,१६,७२,५१६.४९ | ० | २९,१६,७२,५१६.४९ |
| २१००० | पारिश्रमिक / सुविधा | | १८,८८,०७,०१२.५२ | ० | १८,८८,०७,०१२.५२ | २०,५४,५७,१४१.७९ | ० | २०,५४,५७,१४१.७९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ८,७४,४१,०६७.४५ | ० | ८,७४,४१,०६७.४५ | ६,४९,४९,४४४.५० | ० | ६,४९,४९,४४४.५० |
| २५००० | सहायता (Subsidy) | | ३,३६,९०,५७५.८५ | ० | ३,३६,९०,५७५.८५ | १,२०,७८,०९७.२० | ० | १,२०,७८,०९७.२० |
| २७००० | सामाजिक सुरक्षा | | ८६,९७,०४२.०० | ० | ८६,९७,०४२.०० | ७७,९४,८३३.०० | ० | ७७,९४,८३३.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २८००० | अन्य खर्च | | १५,९९,७९०.०० | ० | १५,९९,७९०.०० | १३,९३,०००.०० | ० | १३,९३,०००.०० |
| ४ | पूंजीगत | | १४,१७,८८,४४१.५० | ० | १४,१७,८८,४४१.५० | १८,४२,२९,५६०.६३ | ० | १८,४२,२९,५६०.६३ |
| ३१११० | भवन तथा संरचना | | ० | ० | ० | ६५,४६,३०२.०० | ० | ६५,४६,३०२.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ३३,८४,३२५.०० | ० | ३३,८४,३२५.०० | ३५,९४,५२८.०० | ० | ३५,९४,५२८.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १६,०७,७५०.०० | ० | १६,०७,७५०.०० | ७,९३,४६९.०० | ० | ७,९३,४६९.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १३,६०,४४,१९१.५० | ० | १३,६०,४४,१९१.५० | १७,२६,१६,५८२.६३ | ० | १७,२६,१६,५८२.६३ |
| ३११६० | निर्मित सरचनाको सुधार खर्च | | ७,५२,१७५.०० | ० | ७,५२,१७५.०० | ६,७८,६७९.०० | ० | ६,७८,६७९.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ४६,२०,२३,९२९.३२ | | ४६,२०,२३,९२९.३२ | ४७,५९,०२,०७७.१२ | | ४७,५९,०२,०७७.१२ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (१२,०१,६३८.४०) | | (१२,०१,६३८.४०) | (६५,५३,५९४.२९) | | (६५,५३,५९४.२९) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | १,३३,७७,२८८.९२ | | १,३३,७७,२८८.९२ | -५५,७७८.५६ | | -५५,७७८.५६ |
| घ.१) | कट्टी रकम भुक्तानी | | | | | (४,४०,१३३.००) | | (४,४०,१३३.००) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | /दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | | १,२१,७५,६५०.५२ | | १,२१,७५,६५०.५२ | (६६,०९,३७२.८५) | | (६६,०९,३७२.८५) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ५,६७,८८,४९५.०३ | | ५,६७,८८,४९५.०३ | ६,३३,९७,८६७.८८ | | ६,३३,९७,८६७.८८ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ६,८९,६४,१४५.५५ | | ६,८९,६४,१४५.५५ | ५,६७,८८,४९५.०३ | | ५,६७,८८,४९५.०३ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।